जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly साप्ताहिक

वर्ष ६ अंक ४९, २०७४ साल चैत १६ गते शुक्रबार, नेपाल संवत् ११३८ (March. 30, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## राष्ट्र निर्माता सगरमाथामा

काठमाडौं । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको पूर्ण कदको सालिकको प्रतिमूर्ति सगरमाथामा पुऱ्याइने भएको छ । प्रधानसेनापति राजेन्द्र क्षेत्रीले नेपालको प्रतिनिधित्व गर्दै सगरमाथा आरोहण गर्न लागेका पर्वतारोही पेम्बा दोर्जे शेर्पालाई सगरमाथामा पुऱ्याउनका लागि सालिकको प्रर्तिमूर्ति र सेनाको झन्डा हस्तान्तरण गरेका छन् ।

गत बुधबार जंगीअड्डामा आयोजित विशेष समारोहमा प्रधानसेनापतिले झन्डा र प्रतिमूर्ति हस्तान्तरण गरेका थिए । बाँकी ८ पेजमा

## कर्मचारी दरबन्दी र बिदामा नयाँ निर्णय

काठमाडौं । कर्मचारीको अभावमा कामकाज अघि बढ्न नसकेको स्थानीय तहको गुनासो सम्बोधन गर्न सरकारले ५७ हजार ३५४ कर्मचारी खटाउने भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बसेको मन्त्रिपरिषद् बैठकले स्थानीय तहको लागि उक्त संख्यामा कर्मचारीको दरबन्दी कायम रहने व्यवस्था गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले स्थानीय तहमा कर्मचारी पठाउन नसकेको आरोप झेल्दै आएको छ । सञ्चार राज्यमन्त्री गोकुल बास्कोटाले जनसंख्याको आधारमा स्थानीय बाँकी ८ पेजमा

## संसद्मा राष्ट्रपतिको सम्बोधन



काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले पहिलो पटक संघीय संसदको प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठकमा सम्बोधन गरेकी छन् । संसद् बैठक कक्षमा पुगेकी राष्ट्रपतिलाई प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधनको प्रति हस्तान्तरण गरेका थिए । उनले बिहीबार अपराह्न नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा रहेको संघीय संसद भवन पुगी सम्बोधन गरेकी हुन् ।

प्रतिनिधिसभा र राष्ट्रियसभाको पहिलो संयुक्त बैठकलाई सम्बोधन गर्दै भण्डारीले स्थानीय तह, प्रतिनिधि सभा र प्रदेशसभाको चुनाव सम्पन्न भएसँगै देश राजनीतिक संक्रमणकालबाट मुक्त भएको बताएकी छन् । उनले भनिन्- स्थानीय, प्रादेशिक र संघीय सरकारको गठन भइसकेको छ । राजनीतिक संक्रमणकालको अन्त्य भई देश स्थायित्वको बाटोमा प्रवेश गरिसकेको छ', 'देशलाई यस अवस्थामा ल्याइपुऱ्याउन नेपाली जनताले विगतमा बाँकी ८ पेजमा

# ओलीलाई पनि दिल्ली दौडकै हतार



काठमाडौं । दुईतिहाईको समर्थनमा प्रधानमन्त्रीको पदमा दोस्रो पटक आसिन हुन पुगेका केपी ओलीको पहिलो राजकीय विदेश भ्रमण उत्तर कि दक्षिणबाट भनेर केही जिज्ञासा उठ्ने गरेका थिए । पछिल्लो कालखण्डमा भारतले नरुचाएका र भारतले नेपालविरुद्ध लगाएको नाकाबन्दीमा खरो उत्रिएर राष्ट्रवादी छवि बनाएका ओलीले चीनसँग ऐतिहासिक व्यापार पारवहन सन्धि गरेर नेपाल-चीन सम्बन्धलाई नयाँ दिशा प्रदान गरेका थिए । त्यसैले प्रधानमन्त्रीको औपचारिक विदेश भ्रमणको पुरानो परम्परालाई पनि ओलीले करेक्सन गरेर नयाँपन दिने हुन् कि भन्ने अनुमान गर्नु अस्वाभाविक होइन । त्यसैगरी अब नेपालका प्रधानमन्त्रीभन्दा पहिला भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सिजिन पिङले नेपाल भ्रमण गर्ने भन्ने प्रसंग पनि चर्चामा रहेको थियो । तर यी सबै अनुमानलाई चिर्दै प्रधानमन्त्री केपी ओलीले आफ्नो दोस्रो कार्यकालको औपचारिक विदेश भ्रमण भारतबाटै थाल्ने भएका छन् ।

भारतले नेपालको संविधानलाई अहिलेसम्म पनि औपचारिक स्वागत गर्न सकेको छैन । संविधान निर्माणका क्रममा भारतले गरेको हस्तक्षेपको प्रयास र त्यसलाई पन्साउन ओलीले गरेको प्रयासले भारत र ओलीबीच एक किसिमको तनावपूर्ण चिसो सम्बन्ध बन्न पुगेको थियो । भारतले लगाएको नौ महिने नाकाबन्दी, त्यसविरुद्ध प्रधानमन्त्रीका हैसियतले ओलीले लिएको अडान र त्यससँगै विकसित भएको राजनीतिक घटनाक्रमले भारतीय समकक्षी नरेन्द्र मोदी र प्रधानमन्त्री केपी ओलीबीचको सम्बन्धमा आएको दरार मेटाउन मोदी सरकार आतुर देखिन्छ । ओलीको भ्रमण सम्बन्ध सुधारमै केन्द्रित बन्ने कूटनीतिक क्षेत्रका ज्ञाताहरु बताइरहेका छन् । प्रधानमन्त्री ओलीले पनि भारतसँगको सम्बन्ध अझ प्रगाढ बनाउने उद्देश्यले भारत भ्रमणको तयारी थालेको बताएका छन् ।

नेपालको राजनीतिमा दुई ठूला वाम गठबन्धनपछि शक्तिशाली रुपमा उदाएका ओली र भारतमा दोस्रो कार्यकालसमेत प्रधानमन्त्री बन्ने बलियो सम्भावना बोकेका मोदीबीच सम्बन्ध सुधारको खाँचो दुवै पक्षबाट महसुस गरिएको छ । त्यसमा पनि मोदीको छिमेक नीति भारतमा अत्यन्तै आलोच्य बन्न पुगेको थियो । कांग्रेस आईका अध्यक्ष राहुल गान्धीदेखि अन्य नेताहरुले मोदीको छिमेक नीतिको तिखो आलोचना गर्दै आएका छन् । सबैभन्दा नजिकको छिमेकी नेपाललाई समेत मोदी सरकारले चिढ्याएर चीनतर्फ धकेलिदिएको आरोप मोदीमाथि लाग्दै आएको छ । चीनले नेपालमाथि बढाइरहेको चासो, जलविद्युत लगायत विभिन्न आयोजनामा बढिरहेको चिनियाँ लगानी, चीनको रेल नेपाली सीमासम्म ल्याउन तीव्र गतिमा भइरहेको कार्य, नेपालले चिनियाँ बोर्डरहरुसम्म गरिरहेको सडक विस्तारका कार्य, चिनियाँ थप नाका खुलाउन भइरहेको नेपाली प्रयास, वान बेल्ट वान रोडमा नेपालले गरेको हस्ताक्षर जस्ता विषयले भारतको टाउको दुख्ने गरेको छ । त्यसैले नेपालसँगको सम्बन्ध सुधारलाई प्राथमिकता दिएर चीनप्रतिको चासो कम गराउने अभिप्रायले पनि भारतले ओलीलाई छिट्टै रेड कार्पेट ओछ्याउने कामको थालनी गरिरहेको छ ।

मोदीको असफल छिमेकी नीतिकै कारण दक्षिण एसियाली मुलुकहरुमा भारतीय प्रभाव कमजोर बनेको र चिनियाँ प्रभाव बढिरहेको मोदीका विपक्षीको आरोप चिर्ने प्रयासको थालनी मोदी नेपालबाटै गर्न चाहन्छन् । त्यसैगरी नेपालको सत्तामा बस्ने प्रधानमन्त्रीले जतिसुकै चर्का देशभक्तिका कुरा गरे पनि भित्री रुपमा भारतसँगै लहसिन खोज्छन् । अहिले दुवैतर्फी स्वार्थ मिल्न गएका कारण केपीले भारत जान हतार गरेका हुन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केपी ओलीलाई प्रधानमन्त्री बन्नुअघि नै बधाई दिनुका साथै विदेश मन्त्री सुष्मा स्वराजलाई भेटघाट गर्न र बधाई सन्देश दिन पठाएका थिए । स्वराजले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई भन्दा ओलीलाई उच्च प्राथमिकता दिएर भेटघाट गरेकी बाँकी ८ पेजमा

## ग्रेटर नेपालको पक्षमा विशाल प्रदर्शन हुने



काठमाडौं ।

*पश्चिम किल्ला काँगडा पूर्वमा टिस्टा पुगेथ्यौं*
*कुन शक्तिको सामुमा कहिले हामी झुकेथ्यौं ॥*

राष्ट्रकवि माधवप्रसाद घिमिरेको चर्चित राष्ट्रिय गीत 'गाउँछ गीत नेपाली' का यी पंक्तिहरुले नेपाली सीमा पूर्वमा टिस्टा र पश्चिम काँगडा पुगेको र नेपाली विश्वको कुनै शक्तिसँग नझुकेको स्मरण गराउँछन् । पछिल्लो कालखण्डमा नेपाली शासकहरु आफ्नो शासन सत्ता टिकाउन भारतसँग समय समयमा लम्पसार पर्ने गर्नाले सुगौली सन्धिमा ब्रिटिस शासकले हडपेको विशाल नेपालको भूभाग फिर्ता मागिएन । अहिले देशभक्त राष्ट्रप्रेमी शक्तिहरु फेरि जुर्मुराउन थालेका छन् । लाखौं नवयुवाहरुलाई पुर्खाको इतिहास बुझाउने प्रयास गरिरहेका छन् ।

यसै सन्दर्भमा सचेत देशभक्त मञ्चले ग्रेटर नेपालको मुद्दालाई सबैको साझा मुद्दा बनाउने प्रयासको थालनी गरेको छ । उक्त मञ्चले राजधानीका स्कुल, कलेजहरुमा कार्यक्रम गरेर हजारौं विद्यार्थीलाई ग्रेटर नेपालका बारेमा बुझाउने प्रयास गरेको छ । त्यसो त ग्रेटर नेपालको विषयमा पहिलो अभियन्ताका रुपमा २०४७ सालदेखि नै निरन्तर आवाज उठाउँदै आएका सुरेन्द्र ढकाल, त्यसैगरी ग्रेटर नेपालको अभियानमा सक्रिय रहेका फणीन्द्र नेपाल, सीमाविद् बुद्धिनारायण श्रेष्ठ, डकुमेन्ट्री निर्माता मनोज पण्डितलगायतले निरन्तर गरेको प्रयासले यो विषयको सञ्चार अब युवापुस्तामा समेत हुन थाल्नुलाई अत्यन्त सकारात्मक बाँकी ८ पेजमा

## पीडादायी बन्दै वैदेशिक रोजगार

काठमाडौं । मुलुकभित्र रोजगारीको अभाव भएपछि युवा रोजगारीको एक मात्र विकल्प वैदेशिक रोजगार बन्दै आएको छ । हरेक वर्ष श्रम बजारमा प्रवेशयोग्य झन्डै पाँच लाख जनशक्तिको गन्तव्य वैदेशिक रोजगार बन्नाले मुलुकमा युवा जनशक्तिको अभाव खड्किएको छ । अर्कोतर्फ वैदेशिक रोजगारले सामाजिक पारिवारिक संरचना भताभुंग बनाउनुका साथै मुलुकको कृषि क्षेत्र गम्भीर रुपमा प्रभावित बनेको छ ।

सबैभन्दा ठूलो पीडा त हरेक वर्ष वैदेशिक रोजगारमा ज्यान गुमाउने युवाको संख्या थपिँदै आएको छ । विगत नौ वर्षयताको समयावधिमा वैदेशिक रोजगारीका दौरानमा ६ हजार ४ सय ५८ युवाहरुले ज्यान गुमाएका छन् । यो तथ्यांकमा भन्दा अझ बढी नै नेपाली युवा जनशक्तिले विदेशी भूमिमा मृत्युवरण बाँकी ८ पेजमा

## बालबालिका र किशोरीमाथि बढ्दो अत्याचार

काठमाडौं । बालबालिकाहरु भविष्यका कर्णधार हुन् । उचित शिक्षा दीक्षा पाउनु, खान, बस्न, खेल्न पाउनु, स्वास्थ्य सुविधा पाउनु बालबालिकाका अधिकारका कुरा हुन् । त्यसैगरी बालबालिकालाई घरेलु श्रमिक बनाउन तथा अन्य काममा लगाउन कानुनले निषेध गरेको छ । बालबालिकामाथि हुने दुर्व्यवहार, सबै खाले हिंसा रोक्न ऐन, कानुन बने तापनि तिनको धज्जी उडाउँदै आफ्नै घरपरिवार, छरछिमेकी र नातागोताले नै बालबालिकामाथि अमानवीय हिंसा गर्दै आएका समाचार अहिले दिनहुँजसो सार्वजनिक भइरहेका छन् । मोरङ जिल्लाको विराटनगर महानगरपालिकामा आफ्नै आमाले ६ वर्षीय छोरामाथि गरेको अत्याचारको समाचार बाँकी ८ पेजमा

## धुम्रपान निषेधित क्षेत्र बनाउन माग

काठमाडौं । त्रिभुवन विश्वविद्यालय र यसको मातहतमा रहेका सम्पूर्ण क्याम्पसहरुलाई धुम्रपान निषेधित क्षेत्र बनाउन माग गर्दै प्रधानमन्त्री कार्यालयको हेलो सरकारमा उजुरी गरिएको छ । बाससँग आबद्ध नमस्कार शाह, मन भण्डारी, हेमराज भट्ट र प्रतिक्षा गिरीले संयुक्त रुपमा हेलो सरकारमा उजुरी गरेका हुन् ।

नेपाल सरकारले सिहदरबारभित्र खैनी चुरोट बोकेर प्रवेश निषेधको नियम लागु गरे पनि त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा थुप्रै विद्वानहरु धुम्रपान गरेर बसिरहेको पाइन्छ । त्रिविको केन्द्रीय कार्यालय परिसरको बाँकी ८ पेजमा

## महाकालीमा बगाइयो भारतीय काठे पुल

दार्चुला । भारतले सीमा नदी महाकालीमा आफूखुसी निर्माण गरेका काठेपुल नेपाली जनताले भत्काएर महाकाली नदीमा बगाइदिएका छन् । प्रहरीका अनुसार गत फागुनमा भारतले नेपालको अनुमतिबिनै ब्यास गाउँपालिका २ दुब्लिङस्थित महाकाल नदीमा काठेपुल निर्माण गरेको थियो । भारतले नेपाली भूमितर्फबाट सडक निर्माण सामग्री ढुवानी गर्न घाँटीबगरदेखि दोपाख्यासम्म सडक पनि निर्माण गरेको थियो । त्यसैगरी सोही क्षेत्रमा २ किमि पैदल बाटोसमेत निर्माण गरेको थियो ।

भारतले उक्त क्षेत्रमा ओहोरदोहोर गर्न चारवटा काठेपुल बनाएको थियो । ती काठेपुलमध्ये तीनवटा स्थानीय जनताले भत्काइदिएका छन् । गत सोमबार स्थानीय जनताले तल्लो दुम्लिङमा अस्थायी काठेपुल निर्माण गर्न बाँकी ८ पेजमा

## एमाले-माके एकता अन्तिम चरणमा

काठमाडौं । दुई ठूला कम्युनिस्ट पार्टीबीच हुन लागेको एकता प्रक्रियालाई अन्तिम रुप दिन विधान मस्यौदा तयार गर्ने काम सम्पन्न भएको छ । नेकपा (एमाले) र नेकपा माओवादी केन्द्रबीच सम्पन्न हुने एकतापछि पार्टीको स्वरुप कस्तो हुने विधानमा प्रस्ट पारिएको छ । मस्यौदा समितिले सार्वजनिक गरेको मस्यौदा विधानअनुसार दुई अध्यक्षले आलोपालो प्रणालीमा एकीकृत पार्टीको नेतृत्व सम्हाल्ने छन् । पार्टीमा २ सय ९९ सदस्यीय केन्द्रीय कमिटी रहने गरी विधान मस्यौदा तयार पारिएको छ । ३३ सदस्यीय स्थायी समिति, ९९ सदस्यीय पोलिटब्युरो र ७०० देखि ८०० सदस्यीयसम्मको राष्ट्रिय परिषद् सदस्य रहने गरी बाँकी ८ पेजमा

## ग्रेटर नेपालको मुद्दा अन्तर्राष्ट्रिय अदालत जान सक्छ

■ **फणीन्द्र नेपाल**

**ग्रेटर नेपाल कायम भए के हुन्छ ?**

गुमेका भूमि फिर्ता भएर ग्रेटर नेपाल कायम भयो भने नेपाल नयाँ यूगमा प्रवेश गर्नेछ । ग्रेटर नेपाल हुँदाका फाइदाहरू यस्ता हुन सक्छन् :

१. नेपालको भूगोल बढेर दुई लाख चार हजार ९ सय १७ वर्गकिलोमिटर पुग्नेछ । भूगोल र जनसंख्या दुवै आधारमा विश्वका ठूला देशहरूको सूचीमा नेपाल माथि उक्लिने छ । यसबाट दक्षिण एसियामा हाम्रो प्रभाव तथा प्रभुत्व बढ्न सक्छ ।

२. नेपालको पूर्वी सिमाना भुटान र बंगलादेशसित जोडिन्छ । टिस्टा नदी नेपालमा पर्छ । टिस्टा बगेर ब्रह्मपुत्रमा मिसिन्छ । ब्रह्मपुत्रबाट समुद्रसम्मको पहुँच हुन्छ । यसरी हाम्रो पारवहनको नयाँ रुट प्राप्त हुन्छ र हामी भारतीय दासता एवं बारम्बार हुने नाकाबन्दीको चक्रब्यूहबाट मुक्त हुन्छौं ।

३. नेपालको आर्थिक उन्नतिमा मद्दत पुग्छ । दार्जिलिङ र सिक्किमको पर्यटन र चिया विश्वमै चर्चित छन् ।

४. यो हाम्रा लागि जति महत्वपूर्ण छ, उत्तिकै महत्वपूर्ण त्यहाँ रहेका नेपाली दाजुभाइ दिदीबहिनीहरूका लागि पनि छ । भारतमा उहाँहरू दोस्रो र तेस्रो दर्जाका नागरिकका रूपमा पिसिएर, दबिएर शोषित भएर बस्नु परेको छ । पश्चिम बंगाल सरकारले नेपालीहरूलाई असल व्यावहर गदैन । नेपालीहरू भारतको केन्द्रीय सत्तामा पुग्न असम्भवप्राय छ । नेपालमा गाभिने हो भने उहाँहरूको आत्मसम्मान फर्किने छ ।

सांस्कृतिक/सामाजिक रूपमा अन्य नेपालीसित एकाकार भएर रहन सकिन्छ । भोलि नेपालकै नेतृत्व गर्ने हैसियतमा पनि पुग्न सकिन्छ । यद्यपि यो कार्यका लागि सबैभन्दा पहिले नेपाल सुध्रिनुपर्छ ।

एउटा बिग्रेको देशमा गाभिएर आफ्नो भविष्य दाउमा लगाउन उहाँहरूलाई पक्कै सहज हुँदैन । जतिबेला नेपालको राजनीति संङ्लिएर देश समृद्धिको दिशामा अघि बढ्छ, त्यतिबेला पक्कै पनि उहाँहरू नेपालमा गाभिनका निम्ति उत्साहित बन्नुहुनेछ ।

**पराजयका दुई सय वर्ष**

यतिबेला नेपाल-बेलायत दौत्य सम्बन्ध स्थापनाको दुई सय वर्ष मनाइँदै छ । परराष्ट्रमन्त्री कमल थापा बेलायतको निम्तो मानेर फर्किए । सम्बन्धका दुई सय वर्ष बेलायतका लागि उत्सव मनाउने विषय होला, तर नेपालका लागि होइन । नेपालका हकमा यो पराजयको दुई सय वर्ष हो । हामीले आफ्नो अंग काटेर उसलाई सुम्पेको दुई सय वर्ष हो । यदि बेलायत नेपालप्रति सदासयता राख्छ भने उसले विगतमा लिएको भूमि फिर्ता गर्न नेपाललाई साथ दिनैपर्छ । नेपालले सुरुमा भारतसित कूटनीतिक कुराकानी गर्नुपर्छ र बेलायतलाई मध्यस्थताका लागि निम्त्याउनुपर्छ । पक्कै पनि भारतले यो मुद्दालाई उपेक्षा गर्न खोज्ने छ । यदि उसले छलफल नै गर्न चाहेन वा छलफलपछि पनि कुनै लचकता देखाएन भने हामीले तथ्य प्रमाणसहित अन्तर्राष्ट्रिय अदालतमा जानुको विकल्प रहँदैन ।

अन्तर्राष्ट्रिय कानुनमा जमिन र माटोको मुद्दा सय होइन, हजार वर्षपछि पनि उठाउन सकिन्छ । यद्यपि जति ढिला भयो उति कठिन बन्दै जान्छ । हामीले सम्झाएनौं भने हामीपछिको पुस्ताले आफ्नो इतिहास बिर्सन सक्छन् र ग्रेटर नेपाल दिवा स्वप्नमा परिणत हुन सक्छ ।




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# कडा निगरानीको खाँचो

युरोपियन युनियनको निर्वाचन पर्यवेक्षण प्रतिवेदनले उब्जाएको विवादबारे अहिले पनि विभिन्न क्रिया प्रतिक्रिया आउने क्रम जारी नै रहेका छन् । सरकारको तर्फबाट परराष्ट्र मन्त्रालयले तत्काल प्रतिक्रिया व्यक्त गर्दै प्रतिवेदन सच्याउन इयुलाई सचेत गराएको थियो । प्रधानमन्त्री केपी ओलीले इयुको प्रतिवेदनमाथि पटक पटक कडा आलोचना गर्दै प्रतिक्रिया दिइरहेका छन् । विभिन्न राजनीतिक दलका नेताहरू तथा दलका तर्फबाट समेत प्रतिक्रिया दिएर इयुलाई प्रतिवेदन सच्याउन र जथाभावी भ्रामक प्रतिवेदन तयार पारेर नेपालमा भाँडभैलो मच्चाउने काम नगर्न इयुलाई सचेत पार्ने काम भइरहेको छ ।

युरोपियन युनियनले विगतमा नेपालको तरल राजनीतिक अवस्था भएको संवेदनशील समयमा केही व्यक्ति र संस्थाहरूलाई लगानी गरी उब्साएका कारण संविधान निर्माणमा गम्भीर व्यवधान उत्पन्न भएको थियो । इयु लगायतका अन्तर्राष्ट्रिय संस्थाको गलत क्रियाकलापकै कारण पहिलो संविधानसभा त्यत्तिकै बिना उपलब्धि भंग हुन पुगेको थियो । दोस्रो सभामा पहिलाका विदेशी खेल दोहोरिने क्रम मत्थर भएपछि संविधान निर्माण सम्भव भयो । त्यसमा पनि भारतले असन्तुष्टि जारी गर्दै संविधान घोषणा रोक्न दिल्लीबाट विशेष दूत नै खटाएको थियो । संविधान घोषणा रोक्न नसकेको झोंकमा भारतले नेपालमाथि नाकाबन्दी थोपरेर नेपाली जनतालाई सास्ती दिनुको साथै अर्थतन्त्र धराशायी बनाउने काम गरेको थियो । अहिले संविधानका विषयमा मधेसी दलहरूले केही असन्तुष्टि राखे पनि उनीहरू समेत संवैधानिक प्रक्रियामा सामेल भएर सबै तहका निर्वाचनहरू शान्तिपूर्ण रूपमा सम्पन्न भइसकेको अवस्थामा नेपालको आन्तरिक मामिलामा दखल पुर्‍याउने कलुषित उद्देश्यले युरोपियन युनियनको चुनावी प्रतिवेदन आउनु आफैंमा निन्दनीय विषय हो ।

प्रधानमन्त्री केपी ओलीले सरकारको योजना तथा नीतिका बारेमा नेपालस्थित कूटनीतिक नियोगका प्रमुख, पदाधिकारी र अन्य विकास साझेदारहरूलाई ब्रिफिङ गर्दै सरकारको धारणा स्पष्ट पारेका छन् । प्रधानमन्त्री ओलीले नेपालको स्वतन्त्रता र सार्वभौमिकतामा आफ्नो सरकारले कुनै पनि सम्झौता नगर्ने स्पष्ट सन्देश दिएका छन् । ओलीले भनेका छन्– 'अहिलेको सरकारको उद्देश्य भनेको समृद्ध नेपाल, सुखी नेपाली हो । हामीले राष्ट्रियतालाई पहिलो प्राथमिकतामा राखेका छौं । हामी राष्ट्रियता, सार्वभौमिकता, अखण्डता, राष्ट्रिय स्वतन्त्रतालाई राष्ट्रिय चासो र महत्वका विषयका रूपमा लिन्छौं । यस विषयमा कुनै सम्झौता हुने छैन । हामीमाथि कहिले पनि बाहिरी शक्तिले राज गर्न सकेनन् अब पनि गर्न दिने छैनौं । सार्वभौमिकता, स्वतन्त्रता र गैरहस्तक्षेपको सिद्धान्तलाई आत्मसात गर्छौं ।'

सबै तहका निर्वाचन सम्पन्न भएर जनप्रतिनिधिहरूले काम थालेका भए तापनि ठूलो परिवर्तनको व्यवस्थापन गर्न निकै समय लाग्न सक्छ । आन्तरिक व्यवस्थापन ठीकठाक भइनसकेका अवस्थामा विदेशी शक्तिहरू सलबलाएर देशलाई पुनः अस्थिरतातर्फ धकेल्न सक्छन् । त्यसैले यसबेला सबैले सचेत बन्नैपर्ने हुन्छ । हामीलाई सहयोग गर्ने बहानामा विभिन्न मुलुकहरूले आफ्नो स्वार्थ लाद्न सक्छन् । हाम्रोभन्दा उनीहरूको स्वार्थको पल्ला भारी भएको सहयोग अन्धाधुन्ध स्वीकार्दा त्यसले गम्भीर नकारात्मक समस्या पैदा गर्न सक्छ । त्यसैले जथाभावी सहयोग स्वीकार गर्ने कुरामा पनि उत्तिकै सचेत बन्न जरूरी छ ।

नेपालको आन्तरिक मामलामा दखल पुर्‍याउन र द्वन्द्वको बिजारोपण गरेर भाँडभैलो मच्चाउने काममा कसैलाई पनि छुट छैन । विभिन्न पृष्ठभूमि र परिभाषा बोकेका अन्तर्राष्ट्रिय संघसंस्थाका क्रियाकलापमाथि गम्भीरतापूर्वक ध्यान पुर्‍याउन जरूरी छ । कतिपय यस्ता संस्थाहरू प्रदेश सरकार र स्थानीय तहसँग सोझो सम्बन्ध स्थापित गरेर आफ्ना स्वार्थ अनुरूपका क्रियाकलापमा सामेल हुन सक्छन् । यसतर्फ पनि चनाखो भएर निगरानी राख्न आवश्यक छ ।

# अनि देश असफल भइसकेपछि पछुताएर के गर्ने ?



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

**नेपाल सरकारका कर्मचारीहरूलाई विषयगत रूपबाट दक्ष बनाउने के कस्ता नीति र कार्यक्रम सरकारसँग छ त भनेर सोध्दा जवाफ जिरो भनेर आउँछ भने खोइ कहाँबाट हुन्छ दक्षताको विकास ।**

२०४७ को आमनिर्वाचनमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले जनताले कांग्रेसलाई बहुमत दिए मेलम्चीको पानी ल्याएर काठमाडौंका सडक धोइदिने डिंग हाँकेका थिए । त्यसपछि नेपालमा दर्जनौं सरकार बने । उही कृष्णप्रसाद दोहोरिएर प्रधानमन्त्री पनि बने । उनले त्यो डिंग हाँकेको २७ वर्ष पूरा हुँदा समेत अझै मेलम्चीको पानी काठमाडौं आउन सकेको छैन ।

गत सोमबार सरकारले मेलम्चीको सुरुङ खन्ने अवधी सुटुक्क लम्ब्याएको सुन्नमा आएको छ । किन लियो मेलम्चीले यति धेरै वर्ष आयोजना सम्पन्न गर्न ? किन छोड्यो चिनिया कम्पनीले सुरुङ खन्न ? किन आयो इटालियन कम्पनी चिनियाँ कम्पनीले बीचैमा छोडेको सुरुङ खन्ने कामलाई निरन्तरता दिन ? आयोजनाको समय बढाउनु भनेको त्यसको लागत बढाउनु हो र पछि त्यो लागत प्रतिलिटर पानीको मूल्यमा गएर जोडदा त्यही नेपाली जनताकै थाप्लोमा बज्रने हो ।


जनतालाई हावाको सपना देखाउने अनि त्यही सपना बाँडेको भरमा चुनाव जिती सरकार बनाउने अनि त्यसपछि भुसुक्क निदाउने प्रवृत्ति सत्तारुढ दलहरुमा हुने कारणले गर्दा नै एउटा आयोजना सक्न तीन दशक लाग्ने परिस्थितिको सिर्जना भइरहेको छ ।

जावो काठमाडौंको फोहोर, नदीनालाको प्रदूषण, ट्राफिक जामको समस्यालाई समाधान गर्न नसक्ने सत्ताका स्वाद चाखेका अक्षम दलहरुले हावामा ठूलाठूला योजनाका सपना बाँढ्ने अनि त्यही सपनामा रमाएर सपना देखाउनेहरुलाई बहुमत दिई चुनावमा जिताउने अचेत पटमुर्ख मतदाता रहुन्जेल नेपालको समृद्धि कुनै हालतमा पनि सम्भव छैन ।

योजना बेलैमा सम्पन्न गर्ने भनेको राजनीतिक तहले होइन । यो व्यवस्थापन तहले गर्नुपर्ने कुरा हो जस्को लागि दक्षता नभै नहुने कुरा हो । अदक्ष कर्मचारी भयो भने कुनै पनि आयोजना बेलैमा सम्पन्न हुन सक्तैन । नेपाल सरकारका कर्मचारीहरुलाई विषयगत रुपबाट दक्ष बनाउने के कस्ता नीति र कार्यक्रम सरकारसँग छ त भनेर सोध्दा जवाफ जिरो भनेर आउँछ भने खोइ कहाँबाट हुन्छ दक्षताको विकास । मन्त्रीहरुको रहर र निजी स्वार्थमा कर्मचारी वा आयोजना प्रमुखको फेरबदली गर्न सकिने विषयगत प्रणालीलाई कायमै राख्ने हो भने हाम्रा मान्छे मात्र राम्रा हुने संस्कार बसी यस्ता कर्मचारीहरुले नै प्रजातन्त्रलाई सिध्याउने छन् । हाम्रा मात्रै राम्रा हुने अनि राम्रा जति हाम्रा नहुने कारणले गर्दा नै मेलम्ची जस्ता विभिन्न आयोजनाहरु समयमा सम्पन्न हुन सकेका छैनन् । मेलम्ची त एउटा उदाहरणमात्रै हो । सरकारले भनेको तथाकथित गौरवका आयोजनाहरुको कार्यान्वयनमा जुन ढिलाइ देखिएको छ त्यो मेलम्चीभन्दा भिन्न छैन । विद्यार्थी जीवन राम्रोसँग पूरा गर्न नसकेकी प्रचण्डकी बुहारीले वाग्मतीलाई पौडी र ऱ्याफटिङयोग्य बनाइ छाड्ने नयाँ डिंग हाँकेकी छिन् ।

डिंक हाँकेकै भरमा चुनाव जिति मन्त्री हुन पाइन्छ भने किन चाहियो अरु कुरा, डिंग हाँक्यो बस्यो जनता हाँकेको डिंगमा विश्वास गरी उनीहरुले बाँढेको सपनामा रम्ने भएपछि । तसर्थ चाहे जुनसुकै दलका हुन्, यिनीहरुले बनाएको सरकार भनेका नमच्चिने पिङहरु हुन जसले हावाको सपनारुपी झड्का त दिन्छ तर मच्चिदैन । यी झड्का दिने तर नमच्चिने पिङहरुलाई चिनौं र पाखा लगाऔं अनिमात्रै विकास र समृद्धिको सपना साकार होला अन्यथा कहिले पूरा नहुने आयोजनाले देशलाई मन्दगतिले खाइरहेको हामीले पत्तै पाउने छैनौं अनि देश असफल भइसकेपछि पछुताएर के गर्ने ?

# विशाल नेपाल तथा ग्रेटर नेपाल एउटै हो



**जगदीश लामिछाने**
रौतहट, पौराई

आफ्नो देशलाई विशाल भन्नुपर्छ र महान पनि भन्नुपर्छ । देश टुक्र्याउन खोज्नु हुँदैहुँदैन । यस्तो नगरेर स्पेनबाट केटोलोनिया टुक्र्याउँछु, मै राष्ट्रपति हुँ है भन्नेलाई स्पेन सरकारले हालै विदेशमै पकडियो । नेपालको अवस्था अर्कै छ । कानुन परिस्थितिले विशाल भन्नैपर्छ । भन्ने कुरा नभने पनि वि.सं. २०१६ मा दिवंगत नेपाली महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाललाई 'सुन्दर शान्त विशाल' भन्नुभयो । उहाँलाई धन्यवाद छ ।

छिमेकीले अन्तर्राष्ट्रिय रुपमा दिनैपर्ने पारवहन दिँदैन, आफ्ना स्वार्थ र जनसंख्या थप्ने तथा सीमा मिच्ने कोसिस सन् १९४७ देखि नै छ । प्रशासन सुधारको प्रपञ्च आदिमा आफ्ना रअ आदिद्वारा अनेक कोसिस गरिरहन्छ । यस्तो बेला भारतमै अंग्रेजले एकिकरण गरिरहकै बखत नेपालका श्री ५ पृथ्वीनारायण तथा उनका छोरा बहादुर शाहकै बेलामा आफ्नो नेपाल जागरुक थियो । अंग्रेजसँगै अघि सरेका हौं भन्ने नै भयौ । यथार्थ यही हो ।

सन् १८१६ को नेपाल-अंग्रेज युद्धको बेला गंगा उत्तर हाजिपुर आदि गोरखपुर, ब्रम्हपुत्र टिस्टा संगम दार्जिलिङ तथा महाकालीपारि सतलजसम्मको नेपाल बेलायतकै आफ्नै नभए सन् १९८५ नोभेम्बरमा बेलायतले नेपालसँग सम्झौता गर्दै गर्ने थिएन । भारतले त त्यसको ३ महिनाअघि सन्धि गरेर सुगौली सन्धि खारेज गरेकै छ । यो विशाल नेपाली क्षेत्र भारतसँग आजसम्म जेलिएको जेलिएकै छ । उसका चारजना र हाम्रा डा. भेषबहादुरसहित जम्मा आठ जनाले बैठक गरिरहेछन् ।

यही विषयमा ठाकुरप्रसाद वेल्वासे सम्पादित २०५४ मा प्रकाशित विशाल नेपाल समग्र किताव अध्ययन गर्दा विद्वानकै उटपट्याङ विचारहरु र कम्युनिस्ट गन्थनभन्दा फणिन्द्र नेपालले भनेको सुरेन्द्र ढकाल आफूभन्दा ग्रेटर नेपाल अभियानमा २०४७ मै अघि नै लागेका हुन् भन्ने भनाइले नै सुरेन्द्रको जीवनभरको सबैभन्दा महत्वपूर्ण पाटो विशाल नेपाल तथा ग्रेटर नेपाल एउटै नै हो भन्ने हो । नेपाल सरकारबाट स्वीकृत यही ग्रेटर नेपाल साप्ताहिक पत्रिका नियमित प्रकाशन र वितरणले पनि यही देखाउँछ । त्यो किताबमा पनि नक्साहरु छापिएकै छन् । इतिहास शिरोमणि बाबुराम आचार्य ८६ वर्षमा २०२९ मा दिवंगत हुनु अगाडिदेखिका अध्ययनकर्ता नै हुन् ।

संसारमा तहल्का मच्चाउँछु भन्ने गोराहरु उहिल्यै विश्वभर घुम्न निस्किए । उनीहरुले नै वैज्ञानिक आविष्कार तथा कारखानामा उत्पादित सामान बेच्न यातायात जलस्थल तथा आकाशमा क्रान्ति नै ल्याए र प्राणी तथा मानव मर्यादालाई साना अणु तथा परमाणु प्रमाणले नियन्त्रण गर्दो रहेछ भन्ने पनि पत्ता पाए । तैपनि प्राकृतिक दोहन अप्राकृतिक किसिमबाट गरिरहे । आफ्नो शान्ति कामना विपरीत आफैं भइरहेको पत्तै पाएनन् ।

अहिले विश्वमा फेरि हिमवत्खण्ड नेपाल आर्यावतको वैदिक योग तथा प्राकृतिक संरक्षणको महत्व विस्तारै उदाउँदै छ । नेपालमै जन्मिएका गौतम बुद्धले भनेका छन् । १) दुखः छ २) त्यहाँ कारण छ ३) त्यहाँ निदान पनि छ भन्ने तीन महासूत्रहरुको याद नगर्दा रगतको आहालमा मुस्लिम समुदाय युगयुगमा डुब्न परिरहेछ । पश्चिमा जगत त्यही आहालको घाउ कोट्याउँदै छ । हाम्रै नेपाली मातृशक्ति यसैमा पनि बेखबर छ भनी यही हरफकर्ताले गएको शुक्रबार लेख्दा थाक्न परेकै छ । युरोपियन युनियनलाई उसले इसाई धर्म प्रचारमा नेपालमा कोरेको गोरेटोलाई नेपाल सरकारले थोरै सर्तक गराउँदा नेपालको चुनाव नै ठीक भएन भनेर बर्बराएको देखी प्रधानमन्त्री केपी ओलीले ज्ञानको पाठ नै पढाउन परेको छ ।

स्मरणीय छ, यस्तै होस नगर्दा कास्मिर पंजाव र बंगालका हिन्दु मुसलमानका दुई दुई चिराका घाउ धेरै वर्ष मुसलमानले र केही वर्ष अंग्रेजले गिजोल्दा गिजोल्दा हिन्दु नाम दिने सिन्धु नदी नै पाकिस्तानमा परेको छ । अंग्रेज आफ्नै घर बेलायत फर्केको छ ।

अहिले फेरि भारत पंजावमा लागु औषध कहर, नागालैण्डतिर इसाई धर्म कहर र झारखण्ड आदिमा माओवादी कहरमा भोलि आफैं जेलिँदै छु भनी याद नगरी नेपाल टिस्टा सतलज खान पाए हुन्थ्यो भन्ने पटेल जवाहरलाल षडयन्त्रमा अझै भारत लागी मनको लड्डु घ्यूसँग खाँदैछ । यस्तै कहरमा चीनको तिब्बतमा प्रकृति प्रदूषणले अर्को हीम विहिनता ल्याउला कि भनी चीन पनि चनाखो देखिएको छैन । यिनै दुखःहरुको कहर पस्कँदा पस्कँदा यो लेखक ८३ वर्षको नेटो काट्दैछ र सुरेन्द्र ढकालले पनि विश्वलाई हस्तामलकमै राखी हेर्ने गर्नु ठीक हुनेछ भन्ने आशा गरौं ।

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# देवघाटको पर्यावरणीय महानता र यसको संरक्षण (४)

**३. सामाजिक वातावरण**

देवघाट विकास क्षेत्रलाई व्यवस्थित गर्न धार्मिक, पुरातात्त्विक, गाउँबस्ती, होटल, पसल, वन आदि क्षेत्रहरू प्रस्ट तोकी कार्यान्वयन गरिनुपर्छ ।

– धार्मिक क्षेत्रभित्र गाँजा, भाङ, रक्सी, जुवा, तासलाई पूर्ण प्रतिबन्ध लगाउनुपर्छ,

– स्थानीय जनता, प्रमुखतः युवाहरूलाई रोजगारीका लागि दृष्टि पुर्‍याउनुपर्छ । बेरोजगारीकै कारण खराब पेसा-व्यवसायमा कोही नलागून् ।

**४. निर्माण कार्य**

यस क्षेत्रलाई मनोरम प्राकृतिक दृश्यहरूले भरिपूर्ण तुल्याउने कुरा माथि उल्लेख गरियो । अब यहाँ तीर्थवासी र पर्यटकहरूलाई सुविधा र आकर्षित तुल्याउन केही अन्य निर्माण कार्यहरू पनि गरिनुपर्छ–

**सडक** : भनपा, दियालो दरबारदेखि देवघाटसम्म र गैंडाकोट शिलान्यासदेखि ब्रिटिस क्याम्पसम्म पक्की सडक निर्माण गरिनुपर्छ तर त्यहाँबाट अन्यत्र बढाउनु हुँदैन । बरू आवश्यक गोरेटाहरू निर्माण गरिनुपर्छ जहाँ ढुङ्गा, माटो र स्लेट प्रयोग गर्नुपर्छ, सिमेन्ट र रडहरू होइन । खोलाखोल्सीहरूमा पुल र बारका लागि सिमेन्ट र छडहरू प्रयोग गर्नु भनेको भिन्नै कुराहरू हो । जस्तै– देवघाट (तनहुँमा पर्ने) पुलपारि झन्डै १०० मिटर गोरेटोमा सिमेन्ट, बालुवा प्रयोग गरी निर्माण गरेको कुरा कुनै पनि अर्थमा ठीक होइन ।

**पुल** : देवघाटमा चितवन र तनहुँ जोड्ने झोलुङ्गे पुल निर्माण भएझैं तनहुँ र नवलपरासी तथा नवलपरासी र चितवन जोड्ने झोलुङ्गे पुल निर्माण हुनुपर्छ ।

**जलयात्रा** : निश्चित सीमाभित्र जलयात्राका लागि वाटर बोट र मोटर बोट चलाउँदा राम्रो हुनेछ ।

**पार्क** : ठाउँठाउँमा आरामदायी पार्कहरू निर्माण गरिनुपर्छ ।

**स्वास्थ्य चौकी** : यहाँको स्वास्थ्य र सुविधाका लागि तीन जिल्लामा पर्ने हरेक केन्द्रहरूमा स्वास्थ्य चौकीहरू निर्माण गर्नुपर्छ तर यो आयुर्वेदिक पनि हुन सक्छ ।

**होटलहरू** : तीनै जिल्लामै आवश्यक होटल, पसलहरू निर्माण गरिनुपर्छ तर वातावरणअनुकूल हुने गरी ।

**शौचालय** : यहाँ प्रशस्त सार्वजनिक शौचालयहरू निर्माण गरिनुपर्छ र हरेक परिवार तथा सन्तमहन्तहरूलाई पनि शौचालय बनाउन अनिवार्य गरिनुपर्छ । साथै सो मलमूत्र खोला वा नदीमा जान पनि रोक्नुपर्छ ।

यसरी नै प्लास्टिक, सिसाजस्ता वस्तुहरू सङ्कलन गरी व्यवस्थित गर्नुपर्छ । पोखराको फेवातालमा भइरहेको प्रदूषण यहाँ नदोहरियोस् भन्नाका लागि विशेष सतर्कता आजैदेखि अपनाउनुपर्छ ।

**पर्यावरण कार्यालय** : यस क्षेत्रमा पर्यावरण कार्यालय पनि स्थापना गर्नुपर्छ । त्यसले यहाँको चौतर्फी वातावरणको अध्ययन गरिरहनुपर्छ र सम्बन्धित निकायलाई सुझाव, सल्लाहहरू दिइरहनुपर्छ । यहाँको जङ्गलको सीमित क्षेत्रभित्र मात्र मानिसहरूलाई प्रवेश गर्न दिइनुपर्छ । असीमित क्षेत्रभित्र घुम्नफिर्न कहिल्यै दिइनु हुँदैन । अन्तमा, कुनै बेला देवघाटमा सीमित जनसङ्ख्या थियो र त्यसको तुलनामा प्राकृतिक स्रोतसाधनहरू असीमित थिए तर आज स्थिति परिवर्तन भइसकेको छ । जनसङ्ख्या बढ्दै गयो र प्राकृतिक स्रोतसाधनहरू घट्तै गए । तसर्थ अब यसलाई सन्तुलनमा ल्याउन हरेक उपाय अपनाउनुपर्छ । यस सुझावपत्रमा तत्सम्बन्धी केही कुराहरू प्रस्तुत गरिनुको मूल कारण यहाँको प्राकृतिक वातावरण बचाउनु र त्यसलाई दिगो तुल्याउनु हो । यी मतहरूमध्ये कुनैकुनै कुराहरू केही मानिसलाई आपत्ति लाग्न सक्छन् । तर यथार्थ के हो भने सबै मानवीय क्रियाकलाप (सांस्कृतिक, धार्मिक, सामाजिक) हरू मानवसिर्जित वा कृत्रिम हुन् । यसलाई तर्कले, बलले र षड्यन्त्रले फेरबदल गर्न सक्छन्, मावन सिङ्गो इतिहासभरि त्यस्तो हुँदै आइरहेको छ ।

पर्यावरणको सवाल युगकै मूल मुद्दा बनेको यो विश्व परिस्थितिमा संसारभरका मानिसहरूले अब आफ्ना यावत् गतिविधिहरूलाई धरतीअनुकूल तुल्याउनुपर्छ । अन्यथा धरतीलाई प्रत्यक्ष/परोक्ष आघात पुग्नेछ । परिवर्तित युगअनुरूप कुनै पनि मत, धर्मावलम्बीहरू प्रवाहित हुन सकेनन् भने ती सबैको अस्तित्व लोप हुनेछ ।

**देवघाट-वागीश्वरीको सम्पदा बचाऔं,**
**धरतीमाताप्रति बफादार रहौं !**


चितवन, नवलपरासी र तनहुँ जिल्लाको सङ्गमस्थल देवघाट-वागीश्वरीको वनमा विदेशी नागरिकहरूद्वारा गैरकानुनी रूपले जङ्गल फँडानी गरी मेडिकल कलेज निर्माण गरिँदै छ । विकासको नाउँमा विनाश गर्ने यो कार्यको यहाँका पर्यावरण, धार्मिक र सामाजिक सङ्घसंस्थाहरूले सुरूदेखि नै विरोध गर्दै आएका हुन् । केही समययता उक्त प्रतिरोधी सङ्घर्ष व्यवस्थित रूपमा चलिरहेको छ, हस्ताक्षर कार्यक्रम भइरहेका छन् ।

(क्रमशः)

# मैले देखेको उनन्चालीसौं विश्व सम्पदा : फ्रान्सको अमियन्सको क्याथेड्रल

सुरेन्द्र ढकाल



क्याथेड्रलको पश्चिमी मोहडा



बहुरंगमा पोतिएको पश्चिमी मोहडाको मौलिक रूप


क्याथेड्रललाई भित्रबाट थाम्ने १२६ स्तम्भहरू


क्याथेड्रलमा रहेको जोन वाप्टिस्टको टाउको


क्याथेड्रलभित्रको लेबेरिन्थ (प्रार्थना गर्दा घुम्नुपर्ने पथ)



चर्चभित्र झ्यालको सिसामा गरिएको कलाकृति


चर्चभित्र रहेको गानबजान गर्ने स्थल

भर्साइको विश्व प्रसिद्ध दरबार र बगैंचाको अवलोकन गरेपछि उत्तरी फ्रान्समा रहेका विश्वविख्यात कुराहरु अवलोकन गर्ने कार्य प्रायः सकिँदै थियो । फ्रान्सबाट बेलायत जाने क्रममा अमियन्सको क्याथेड्रल भोलिपल्ट हेर्ने निर्णय गरी हामी रात बिताउन क्याम्पिङ साइटतिर लाग्यौं । भोलिपल्ट बिहानको खाना खाई लाग्यौं हामी उत्तरी फ्रान्सको झन्डै एट्लान्टिक महासागरको किनारमा रहेको सहर अमियन्सतर्फ । हामी अमियन्स आइपुग्दा बिहानको ११ बजेको थियो ।

**अमियन्सको क्याथेड्रल**

अमियन्सको क्याथेड्रल पनि रोमन क्याथोलिक चर्च नै रहेछ । यही चर्चमा अमियन्सको विशपको निवास पनि रहेछ । राजधानी पेरिसबाट करिब १२० किलोमिटर उत्तरमा रहेको यो क्याथेड्रल विश्वभरी रहेका ठूला क्याथोलिक क्याथेड्रलमध्ये १९औं ठूलो क्याथेड्रलभित्र पर्दो रहेछ । अग्लाईको दृष्टिकोणबाट भन्दा यो फ्रान्सको सबैभन्दा अग्लो क्याथेड्रल पर्दो रहेछ जस्को उचाइ ४२ दशमलव ३० मिटर रहेछ । सन् १९८१ मा नै विश्व सम्पदामा सूचीकृत भएको यो क्याथेड्रल सन् १२२० देखि १२७० बीचमा बनेको रहेछ । आर्किटेक्ट रोवेर्तो दे लुच्जारकेशले डिजाइन गरेको १३ औं शताब्दिको यो क्याथेड्रलको अग्र भाग र यसको मुख्यद्वार गोथिक शैलीका मूर्तिहरुले सजिएका रहेछन् । यस क्याथेड्रलभित्र रहेको टाउको मात्रको मूर्ति कन्साटान्टीनोपलबाट ल्याइएको जोन द वाप्टिस्ट हो भन्दा रहेछन् जस्ले पहिलो शताब्दितिरै यहुदीको रुपमा क्रिश्चियन धर्मको प्रचार शुरु गरेका रहेछन् । सन १२८८ मा यस चर्चभित्र लेवेरिन्थ (प्रार्थना गर्दा घुम्नु वा घस्रनु पर्ने पथ) बनाइएको रहेछ । १३औं शताब्दिको यो क्याथेड्रल बेलाबखतमा भएको आगलागिको कारण क्षतविक्षत भए तापनि फ्रेन्च सम्राट नवौं लुईको लामो शान्तिपूर्ण शासनकालमा भएको आर्थिक समृद्धिको कारण यस चर्चले जिर्णोद्धार हुने मौका पाएको रहेछ । चर्चको पश्चिममा


मूर्तिहरूले सजिएको क्याथेड्रलको पश्चिमी द्वार


आमियन्स सहर नजिकैको बेर्कस्थित एटलान्टिक महासागरको किनारमा सुरेन्द्र ढकाल सन् १९८९ मा

रहेको सिंगो द्वार क्रिश्चियन शन्तहरुको मूर्तिहरुले सजिएको रहेछ । ७७०० वर्गमिटरमा फैलिएको यो चर्चको क्षेत्रफल फ्रान्समा रहेका सबै क्याथेड्रलको भन्दा फराकिलो रहेछ । चर्चको पश्चिमी मोहडा बनाउँदाको बेलामा विभिन्न रंगबाट पोतिएको भए तापनि पछि एकै रंग कायम गरिएको रहेछ । चर्चको भित्री भागलाई १२६ स्तम्भहरुले थामेको रहेछन जुन पश्चिम यूरोपमा भएका सबै चर्चहरुमा भन्दा बढी रहेछ ।

त्यसै गरी चर्चभित्र रहेको गानबजान गर्ने स्थल ज्यादै कलापूर्ण ढंगले बनाएको रहेछ र चर्चको ग्यालेरीमा निर्माण कालदेखिकै कलाकृतिलाई सजाइएको रहेछ र पछि सत्रौं शताब्दिमा गएर फ्रन्स द्वितीय र लाउरेन्टले बनाएका वारोक पेन्टिङहरुलाई पनि त्यहाँ सजाइएको रहेछ । फ्रान्सको अरु चर्चहरुमा जस्तै यस चर्चभित्रको सिसाको झ्यालहरुमा पनि निकै मनमोहक ढंगबाट पेन्टिङ गरिएका रहेछन् । यस चर्चभित्र आफ्ना समयका प्रख्यात क्रिश्चियन पादरीहरुको चिहान पनि राखिएको रहेछ । क्याथेड्रलको अवलोकनपश्चात हामी केही घन्टा एटलान्टिक समुद्रको किनारमा बिताउने निर्णय गरी अमियन्स सहर नजिकै रहेको वेर्क भन्ने सहरतर्फ लाग्यौं र त्यहाँको समुद्र किनारको रमाइलो हेरी दिन बितायौं ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

अनलाइन उजुरी विधि अवलम्बन गरौं,
आफ्नो कुरा प्रष्ट पारौं ।
विभिन्न सञ्चारमाध्यममा आएका
समाचार सामग्रीहरू पत्रकार
आचारसंहिता प्रतिकूल भएमा
प्रेस काउन्सिल नेपालको वेबसाइट
www.presscouncilnepal.org
मा गई अनलाइन उजुरी गर्न सकिनेछ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# संविधान आयो, समानता आएन

■ सुजाता ढुंगाना

**बाबुको नामबाट नागरिकता लिँदा सन्तानले आमाको पहिचान खुलाउनुपर्दैन । तर, आमाको नामबाट नागरिकता लिँदा उसले अनिवार्य बाबुको पहिचान खुलाउनुपर्छ । यो विभेद छ नयाँ संविधानमा ।**

निर्माण प्रक्रिया सुरु भएको आठ वर्षपछि ३ असोज ०७२ मा नेपालीले नयाँ संविधान पाए । लामो प्रयास र सङ्घर्षपछि नेपालको नयाँ संविधान जारी भए पनि यसले महिलाका हक-अधिकारलाई पूर्ण रूपमा सम्बोधन गर्न सकेको छैन । संविधानले महिलाप्रति गरेको विभेदको सर्वत्र आलोचना र विरोध भइरहेको छ । महिला अधिकारकर्मी असन्तुष्ट छन् । तर, राजनीतिक दलहरूले यो असन्तुष्टिको सुनुवाइ गरिरहेका छैनन् ।

२०४७ सालको संविधानभन्दा २०६३ सालको अन्तरिम संविधान महिला दृष्टिकोणले राम्रो थियो । त्यसैगरी २०६३ को अन्तरिम संविधानभन्दा २०७२ को नयाँ संविधान महिलाका लागि उपयुक्त र उत्कृष्ट छ भन्छन् नेपाली काङ्ग्रेसका सभासद् तथा प्रमुख सचेतक चिनकाजी श्रेष्ठ ।

श्रेष्ठका विचारमा महिलाका लागि नयाँ संविधानले थुप्रै अधिकार दिएको छ । सबैभन्दा ठूलो उपलब्धि महिलाले आफ्ना सन्तानलाई वंशजको नागरिकता प्रदान गर्न सक्ने व्यवस्था हो, जुन यसभन्दा पहिलेका संविधानमा यति स्पष्ट व्यवस्था थिएन । विदेशी पुरुषसँग विवाह गरेका महिलाले आफ्ना सन्तानलाई अङ्गीकृत नागरिकता दिन सक्नेछन् । कानुनमन्त्री अग्नि खरेल भन्छन्, 'केही विभेद भए पनि अहिलेको संविधानले महिलाका लागि धेरै सकारात्मक व्यवस्था गरेको छ ।' महिलाका मागलाई सकेसम्म आफूहरूले सम्बोधन गर्न खोजेको बताउँदै मन्त्री खरेलले भने, 'हामी लचक भएका हौँ, तर सबै दलबीच सहमति हुन सकेन ।'

एनेकपा माओवादीका सभासद् तथा सचेतक रेखा शर्मा भन्छिन्, 'विगतमा बनेका संविधानभन्दा अहिलेको संविधान केही उपयोगी त छ, तर पूर्णतः लैङ्गिक विभेदमुक्त छैन ।' हामीले अहिलेको संविधानलाई कमभन्दा कम लैङ्गिक विभेदमुक्त गर्न खोज्यौँ, तर पूर्णतः विभेदमुक्त बन्न सकेन ।'

संविधानसभाबाट पूर्ण रूपमा लैङ्गिकमैत्री संविधान नबन्नु एउटा ठूलो क्षति ठान्नेहरू पनि छन् । अधिवक्ता तथा पूर्वसभासद् सपना प्रधान मल्ल विश्वकै महिलामैत्री संविधान बन्ने अवसर गुमेको बताउँछिन् । उनी भन्छिन्, 'नयाँ संविधानले महिलाका अधिकारलाई षड्यन्त्रपूर्वक ढङ्गले कटौती गरेको छ । महिलाको पहिचानसँग जोडिएको मूल अधिकार हटाएको छ । राज्यले नागरिक-नागरिकबीचमा विवाहको आधारमा विभेद नगर्ने भन्ने कुरामा सहमति भएको थियो । अहिले आएर त्यसलाई तीन दलको संशोधन प्रस्तावको माध्यमबाट हटाइयो । नागरिकतामा 'वा' त आयो, तर त्यो 'वा' महिलाका लागि नभई पुरुषका लागि मात्र भएर आयो ।'

बाबुको नामबाट नागरिकता लिँदा भने सन्तानले आमाको पहिचान खुलाउनुपर्ने बाध्यकारी व्यवस्था नभए पनि आमाको नामबाट नागरिकता लिँदा सन्तानको नागरिकतामा अनिवार्य बाबुको पहिचान खुलाउनुपर्ने व्यवस्था गरियो । मल्ल भन्छिन्, 'पारित भएको व्यवस्थाअनुसार बाबु बेपत्ता भएको वा बाबुले नागरिकता दिन नचाहेमा र बलात्कारबाट जन्मेको बच्चाको नागरिकतामा बाबुको पहिचान नखुलेको लेखिनेछ । आमा एक्लैले सन्तानको नागरिकता दिन सक्ने अवस्था अहिले पनि छैन ।' त्यस्तै, नेपाली पुरुष र विदेशी आमाबाट जन्मेका सन्तानले सहजै वंशजको नागरिकता पाउँछन् भने नेपाली आमाले विदेशी पुरुषसँग बिहे गरे तिनबाट जन्मेका सन्तानले अङ्गीकृत नागरिकता पाउने व्यवस्था छ ।

नेपालको संविधान २०७२ पारित हुनासाथ संविधानसभाबाहिरबाट संविधानले महिलाका मुद्दालाई पूर्ण रूपमा समेट्न नसकेको गुनासो उठे । अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष शशि श्रेष्ठ संविधानमा महिला हक-अधिकारसँग सम्बन्धित केही व्यवस्था सकारात्मक भए पनि अरू धेरै व्यवस्थालाई संशोधन गर्नुपर्ने बताउँछिन् । अन्तरपार्टी महिला सञ्जालले महिला हक-अधिकार स्थापित हुन सकून् भनेर विभिन्न माग प्रस्तुत गरेको थियो । त्यसमा प्रस्तावनामा सामन्ती भन्ने शब्दपछि पितृसत्तात्मक थप्नुपर्ने, भाग २ नागरिकता धारा ११ नेपालको नागरिक ठहर्ने, उपधारा (२) (ख) मा भएको व्यवस्थामा नेपालीपछि वंशजको थप्नुपर्ने माग गरिएको थियो ।

नागरिकताका सवालमा मात्र नभएर अन्तरपार्टी महिला सञ्जालले धारा ६१ राष्ट्रपति उपधारा १ मा राष्ट्रपतिको ठाउँमा राष्ट्राध्यक्ष राख्न भनेको थियो । सञ्जालले विभिन्न ३७ वटा विषयमा थप संशोधन जरुरी रहेको बताएको छ । संविधान केही प्रगतिशील बनेर आएको भए पनि यसले थुप्रै ठाउँमा महिलालाई विभेद गरेको अधिकारकर्मी दुर्गा सोवको भनाइ छ ।

संविधान आयो, तर यसले महिलालाई पूर्णतः विभेदमुक्त बनाउन सकेन । प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने राष्ट्रिय सुरक्षा परिषद्ले नेपाली सेनामा महिला, दलित, आदिवासी, जनजाति तथा पिछडिएका क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा कानुनबमोजिम गरिने उल्लेख गरेको छ । राजनीतिक दलसम्बन्धी व्यवस्थामा दलका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी सहभागिता गरेको हुनुपर्ने व्यवस्था छ । महिलाको माग भने यी व्यवस्थामा ५० प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरिनुपर्ने र नगरेको खण्डमा दल दर्ता नहुने र दर्ता भएको अवस्थामा यस्तो दल खारेज हुने व्यवस्था हुनुपर्ने भन्ने थियो ।

*(सञ्चारिका फिचर सेवा)*

# कथा
# दोष कसको ? (२)

■ लक्ष्मी उप्रेती

बिहानी सूर्यको किरण भुइँमा छरिनुअघि जब नवराजको आँखा खुल्यो तब आफ्नो छेउमा छोरीलाई मात्र देख्छ विभूलाई देख्दैन । अनि ऊ जुरुक्क उठेर अर्को कोठामा विभू र सुधांशुलाई आपत्तिजनक अवस्थामा एउटै ओछ्यानमा देख्छ । त्यस्तो दृश्य देखेपछि आफूले टेकेको भूमि धसिँदै गए झैँ लाग्छ । तर के गर्ने र समयले फड्को मारिसकेको थियो । यस्तो समय पनि आउला भन्ने कुरो थाहा नै नपाई नवराजको हातबाट समय फुत्किसकेछ ।

- क्रोधको ज्वालामा दन्केको नवराज कोठाभित्र पसेर एक्कासि चिच्याउँछ- "सुधांशु ...

सुधांशुलाई मुखभरि थुक्दै "थुक्क कुकुर, तँ साथीका नाममा कलङ्क होस् । तँ जस्तो निर्लज्ज मान्छे त कोही पनि हुन सक्दैन ? बरु लैजा सधैँका लागि स्वास्नी बनाएर यसलाई" फेरि विभूको कपाल समातेर "तँमा अलिकति पनि लाज बाँकी छ भने मेरो घर र मलाई यसै क्षण छाडेर तँ यो नाठासँग गई हाल" यसो भनेर ढोका बाहिर हुत्याउँछ ।

- विभू भूइँमा पछारिन्छे र रगताम्मे हुन्छे । तर पनि त्यहाँबाट जुरुक्क उठेर भित्रतिर दौड्न खोज्छे त्यसैबेला सुधांशुले विभूको हात च्याप्प समातेर "विभू तिमीलाई खुसीले स्वीकार्छु म । सधैँका लागि जीवनसाथी बनाएर लान तयार छु । यसमा तिम्रो सहमति छ कि छैन ? तिमी भरे बाह्रबजे भित्रमा फोन गर । यदि तिमीले फोन गरिनौ भने तिम्रो स्वीकृति सम्झेर सक्दो छिटो तिमीलाई सधैँका लागि लिन आइपुग्छु" यति भनेर ऊ त्यहाँबाट हिँड्छ ।

- त्यसपछि विभू त्यहीँ किंकर्तव्यविमूढ भएर उभिरहिन्छे ।

- सातवर्षसम्म नवराजसँग बिताएका दुःख र सुखका क्षण त्यागेर सुधांशुसँग कसरी खुसी हुन सकौँला भन्ने सोचले विभू विक्षिप्त भइरहन्छे । नवराजसँग बिताएका आफ्ना विगतका प्रेमिल दिनहरू बिर्सन नसके तापनि सुधांशुलाई अपनाउनै पर्ने बाध्यता नै हुनसक्छ कि भन्ने भूमरीमा रुमलिरही नचाहेर पनि ।

- घन्टौँदेखि विभूका मनमा उब्जिएका यस्ता भावनाहरू क्षणभरमै चकनाचुर हुन्छन्, बाहिर सडकमा बजेको गाडीको हर्नसँगै ।

- गाडीको आवाजले विभू झस्किन्छे र सडकतिर हेर्छे, अनि फेरि बिरसिलो अनुहार लगाउँदै नवराजलाई एकपटक हेर्छे ।

- त्यसपछि छोरीलाई सुमसुम्याउँदै "छोरी तिमी बाबासँग नै बस है । तिमीलाई बाबाले धेरै धेरै माया गर्नुहुन्छ" यसो भन्दै गालामा म्वाइँ खाई र छातीमा टाँस्दै घुक्क घुक्क रोई ।

- निकैबेरपछि छोरीबाट छुटेर नवराजनेर गएर "आजदेखि हामी पतिपत्नी रहेनौँ नवराज । अब हाम्रो सम्बन्ध कस्तो हुन्छ मलाई थाहा छैन । तर मित्रता चाहिँ रहिरहोस् ।" विभूले आशातीत स्वरमा मायालु शब्द पोखी ।

"नवराज यसको दोष कस्लाई दिनु र ? छोरीलाई तपाई नै राख्नुहोला । छोरीलाई मैले अहिले नै लगेँ भने तपाई एक्लो हुनु हुन्छ । छोरीलाई खुसी राख्ने प्रयत्न गर्नुहोला । कुनै दिन छोरीका लागि........मेरो आवश्यक पर्‍यो भने जहिले पनि जे पनि गर्छु," यसो भन्दै नवराजको हातमा साँचोको झुक्तो थमाई र एकछिन टक्क अडिई ।

अझै पनि ऊ चाहन्थी नवराजले मलाई रोकोस् । विभूले छाडेर नजाओस् भन्ने मनभरि भावना हुँदाहुँदै पनि नवराजले पनि व्यक्त गर्न सकेन । अहँ १ पटक्कै बोल्नै सकेन । एकछिन कोठामा सन्नाटा छायो । सबैको अनुहार सशङ्कित भयो । विभूले एक हातले सुटकेस बोकी र अर्को हातले सारीको फेर समातेर आँसु पुछ्दै कोठाबाट निस्की । सुधांशु बाटामा नै गाडी रोकेर विभूलाई पर्खेर बसिरहेको थियो । विभू आएपछि सुधांशुले खटक्क गाडीको ढोका खोल्यो । विभू गाडीमा चढी । अनि सडकबाट धूलो उडाउँदै त्यहाँबाट गाडी अघि बढ्यो । उनीहरूकी बाखल छोरीले यी घटनालाई अगिदेखि एउटा मूर्ति झैँ टोलाएर चुपचाप हेरिरहेकी थिई । विभू निस्किएपछि नवराजले छोरीलाई काखमा राखेर आफ्नो दृष्टिबाट नहटुन्जेल गाडी अगाडि बढेको हेरिरह्यो आँखाको डिलभरि आँसु छचल्काउँदै । विभूले पनि आफ्नो दृष्टि पुगिन्जेल छोरी र नवराजलाई हेरिरही बरबरी आँसु झार्दै ।

# स्वदेशमा रोजगार कसरी सिर्जन गर्ने ?

१) सबै सेना प्रहरीहरुलाई नेपालमै उत्पादन गरिएको कपडाको बर्दि प्रयोग गर्न दिउँ,

२) बाँसबारी छाला उद्योगलाई थप व्यवस्थित र शाखा बिस्तार गर्दै सम्पूर्ण सेना प्रहरी राजनीतिज्ञ, निजामति कर्मचारी लगायत विद्यार्थीहरुलाई अनिवार्य उक्त उत्पादनको जुत्ता लगाउनैपर्ने बाध्य बनाउँ र यो सम्बन्धी अनिवार्य नियम नै लागू गरौं । तब लाखौं रोजगार सिर्जना गर्न सकिन्छ ।

३) विदेशी स्पोर्ट जुत्ताहरुको साटो केही परिमार्जन गर्दै बालाजुबाट उत्पादित 'गोल्डस्टार' जुत्तालाई अनिवार्य विद्यालय, सेना प्रहरी, निजामति कर्मचारी लगायत आम जनसमुदायमा सर्वसुलभ रुपमा प्रयोग गर्न लगाउँ ।

४) जापानिज, जर्मनी,कोरियन र भारतीय गाडी आयातलाई रोक लगाउँ स्वदेशी उत्पादनको मुस्ताङ गाडीको विभिन्न मोडलहरुको गाडी उत्पादनलाई प्रोत्साहन गराउँ । मुस्ताङ गाडीको सम्पूर्ण पार्टपुर्जाहरु सर्वसुलभ ढंगमा प्रत्येक प्रदेशको स्थानीय तहहरुमा सजिलैसँग पाइने व्यवस्था गराउँ । यी उत्पादनहरुलाई सबै मन्त्रालय सेना प्रहरी लगायत सम्पूर्ण सरकारी निकायहरुमा अनिवार्य रुपमा लागु गरौं । लाखौं रोजगार सिर्जना हुनेछ ।

५) भारतबाट केही सिकौं जस्तै, भारतको सम्पूर्ण ट्यक्सी, मन्त्रीहरुले चढ्ने गाडी स्वदेशमै उत्पादित् हुन् । सम्पूर्ण कपडाहरु त्यहीँ उत्पादित हुन् ।

६) सिमेन्ट, फलाम, खाद्यलगायत स्वादेशमै उत्पादन भएकोलाई बढीभन्दा बढी प्राथमिकता दिउँ ।

७) प्रत्येक प्रदेश र स्थानीय तहहरुमा अनिवार्य गार्मेन्ट उद्योग स्थापना गराउँ ।

८) श्रमको कदर गराउँ । श्रमिकहरुलाई भेदभाव नगरी बिमालगायत संचयकोषको व्यवस्था गर्दै नेपाली युवाहरुलाई विदेश पलायन हुनबाट रोकौं ।

९) हिमाली क्षेत्रमा पाइने हजारौं प्रकारको महत्वपूर्ण जडीबुटीहरुलाई व्यवस्थित गर्दै बृहत उत्पादन र प्रशोधनको व्यवस्था गराउँ ।

१०) जलविद्युतलाई प्रचुर मात्रामा विकास गरी यातायात, उर्जा, किचनको उर्जालगायत अन्य दैनिक र ब्यावहारिक उर्जाहरु प्रचुर मात्रामा प्रयोग गरौं । जसले गर्दा विदेशबाट आयातित इन्धनलाई न्यूनीकरण होस् ।

११) प्रत्येक गाँउ टोलहरुमा सर्वजनिक स्नानको व्यवस्था गराउँ । हिउँदको समयमा वा अन्य समयमा समेत दस दशकअघिदेखि नै युरोपबाट शुरु भएको 'साउना बाथ' सिस्टमको व्यवस्था गराउँ बिजुलीको प्रयोग गर्दै । यस्को प्रयोगले दिनभर कामले थकित भएको थकान मेटिने छ ।

१२) प्रत्येक गाउँ टोलमा बाल उद्यान पार्क र सार्वजनिक सौचालयको

व्यवस्था गरी सरसफाइ र रेखदेखको लागि पनि गाह्रो काम गर्न नसक्ने व्यक्तिहरुलाई सेवा सुबिधा दिएर रोजगार दिन सकिन्छ ।

१३) सरकारी र निजी भवन अनि फर्निचहरुको एक निश्चित नाप नक्सामा एक रुपता ल्याउन एक निश्चित मापदण्ड र अवधारणा तय गराउँ, जसले गर्दा नेपालको जहाँ उत्पादन भएको होस् वा जहाँको लागि आवश्यक परे पनि सुलभ रुपमा प्रयोग होस् वा एक रुपता देखियोस् । जापानमा यो नियम १८० बर्ष अघिदेखि नै रहेको बुझिएको छ ।

१४) तरकारी, दूध, फलफूलमा आत्मनिर्भर बनाउँ । एक घर एक 'ग्रिन हाउस' को व्यवस्था होस् । प्रत्येक वडामा तरकारीको बिजनहरु मौसम अनुसार सुलभ रुपमा पाइयोस् ।

१५) सामुदायिक वनबाट उत्पादन हुने हाँगा डाले, पातपतिङगरहरुलाई उचित ब्यवस्थापन गर्दै कागज र कार्टुन उत्पादन गर्ने कार्यलाई प्रोत्साहन दिउँ ।

१६) विभिन्न जातको बोटबिरुवाको नर्सरी अनिवार्य रुपमा व्यवस्था गराउँ ।

१७) विद्यालयहरुमा कार्यरत वृद्ध शिक्षकहरुलाई तत्काल सुविधा दिएर अवकाशपछि प्राविधिक ज्ञान भएको अंग्रेजी माध्यमबाट पढाउन सक्ने बोर्डिङ पढेका युवा शिक्षकहरुलाई तत्काल नियुक्ति गरेमा लाखौं पढेलेखेका युवाहरुलाई रोजगार दिन सकिन्छ ।

१८) पर्वतारोहणको क्रममा आवश्यक पर्ने सामग्रीहरु स्वादेशमै उत्पादन गरौं । जस्तै, शेर्पा एडभेन्च गियर, सोनाम, माउन्टेन हार्डवेयर, शेर्पालगायतको उद्योगहरुलाई सरकारी तवरबाट प्रोत्साहन दिँदै उत्पादनमा जोड लगाउँ।

१९) विदेशी लगानीलाई बढीभन्दा बढी भित्र्याउँ ।

२०) नयाँ पर्यटकीय गन्तब्यहरुको पहिचान गर्दै आवश्याक पूर्वाधार र सुविधाहरुलाई ब्यवस्थित गरी रोजगार सिर्जना गरौं ।

२१) स्वदेशी तथा विदेशी पर्यटकहरुलाई लक्षित गर्दै होम स्टे सञ्चालनको अवधारणलाई ब्यवस्थित र अनिवार्य लागू गरौं ।

२२) हालैको राज्य ब्यवस्था अनुसारको प्रत्येक केन्द्रहरुमा सबै वडाबासी गाँउबासी लगायत जिल्लाबासीहरुले समेत समानुपातिक रुपमा केन्द्रहरुमा ब्यापार ब्यावसाय गर्ने ब्यवस्था मिलाउँ । एक केन्द्र जस्तै बसस्टप जिरो पोइन्ट र अन्य ब्यापारिक केन्द्रहरुमा एक जना ब्यक्तिले गर्ने ब्यावसाय अर्को ब्यक्तिले नगरोस् । जस्तै चिया कफी बेच्नेले फलफूल बेच्न नपाओस् ।

सबैले समान रुपमा ब्यापार गर्ने मौका होस् । जो हाल भारतको विभिन्न राज्यमा बिद्यमान छ ।

२३)चिया कफीलाई आत्मनिर्भर बनाउँ । मादक पदार्थ उत्पादनलाई कडाइका साथ प्रतिबन्ध गराउँ । अहिलेको देशको संक्रमण अवस्थामा एक अर्कामा आदानप्रदान गरेर हाम्रो देशलाई सबै मिलेर माथि उठाउँ तब बन्छ समृद्ध, आत्मनिर्भर र स्वावलम्बी देश नेपाल ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001
JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

# वैकल्पिक ऊर्जा महिलाको सहयोगी

**–अनिलजंग स्वाँर, कैलाली**

घरायसी घरधन्दाको चपेटामा परेका कैलाली गेटाका धेरै महिलालाई वैकल्पिक उर्जा (सुधारिएको चुलो) ले राहत प्रदान गरेको छ । स्थानीय सामुदायिक बन उपभोक्ता महासंघसँगको सहकार्यमा स्थानीय निकायले सो गाविसमा सुधारिएको चुलो प्रबर्द्धन गरेको थियो । 'हामी महिलालाई घरबाट निस्कने फुर्सद नै हुँदैन थियो, सुधारिएको चुल्हो प्रयोग गरेपछि खाना छिटै पाक्ने भएकाले हामी फुर्सदिला भएका हौं' स्थानीयबासी तुलसा बिकले भनिन् ।

कैलाली जिल्लामा पर्ने तत्कालीन गेटा गाविस तथा हाल अत्तरिया नगरपालिकाको १३ नम्बर वडाका ५० घर धुरीमा सुधारिएको चुलो प्रयोग गरिएका छन् । 'चुल्होमा दाउरा बाल्दा धुँवा आउँथ्यो, आँखामा आसु आइराख्थ्यो, अब त सुधारिएको चुलो भएकोले चुल्होमा दालभात बसाइ दिएर काम गर्न गएपनि दाल भात पाकिरहन्छ साथै धुँवा र आँसु आउने समस्याबाट मुक्ति मिलेको छ ।' तुलसा विकले भनिन् । तुलसा बिक मात्र होइन, त्यस भेगका सुधारिएका चुल्हो प्रयोगकर्ताहरूको यस्तै भनाई रहने गरेको छ । सुधारिएको चुलोको प्रयोगबाट महिलाको समयमा बचत हुने र त्यो समय आयआर्जनमा लगाउन सकिने उनीहरूको अनुभव छ । स्थानीय सामुदायिक बन उपभोक्ता समतिका अध्यक्ष तथा सुधारिएको चुलोकी अभियानकर्ता जोगमाया साउदको भनाईमा यसले महिला सशक्तिकरणमा पनि सहयोग गर्दछ ।

खाना छिटो पाकिसकेपछि समयको बचत हुने भयो । महिलाहरू बैठक, गोष्ठीमा भाग लिएर केही कुरा सिक्ने मौका पाउने भए । साउदले अगाडि भन्-'खेतबारी हुनेले आफनै बारीमा तरकारी खेती लगाउन सक्ने भए, यसबाट पनि आयआर्जन हुन सक्छ, सानो तिनो व्यापार गर्न बजार जान पनि फुर्सद हुने थियो । यसबाट पनि पौरखी महिलाले केही गर्न सक्छन् ।' 'सुधाएिको चुलो र परम्परागत चुलोमा धेरै फरक छ । धूवाँ पनि बाहिर निस्कने, फोहोर पनि कम हुने, यता बाहिरका सानातिना काम गर्न पनि भ्याउने । अनि भाँडा धेरै नढड्ने त्यस्तो सबै कुराहरू राम्रै छ अहिले' सुधारिएको चुलो जोडेकी पवनदेवी रावलले भनिन् । स्वास्थ्यको हिसाबले सुधारिएको चुलो लाभदायी भएको उनको अनुभव छ । 'धुँवा बाहिर जान्छ त्यति धुँवा भित्र हुँदैन । स्वास्थ्यमा पनि धेरै राम्रो सुधारिएको चुलोले फाइदा नै गरेको छ । आगो पनि धेरै समयसम्म टिक्छ, सानोतिनो हावाले निभ्दैन, त्यहाँ गुम्सिएको हुन्छ भित्र आगो धेरै बेरसम्म टिकिरहन्छ' उनले भनिन् ।

सबै भन्दा महत्वपूण सुधारिएको चुलोबाट समयको बचत हुन्छ' बन उपभोक्ता समिति महासंघकी पूर्बअध्यक्ष जोगमाया साउदको अनुभवमा सुधारिएको चुलो भएका घरका महिलाहरू स्थानीय निकायको बैठकमा भाग लिन्छन्, तर जस्को घरमा सुधारिएको चुलो छैन, त्यस परिवारका महिलाहरू खाना पकाउँदैमा समय बित्ने गरेको छ । आमा समूहकी अध्यक्षसमेत रहेकी साउदले भनिन् 'पुरानो चुलोभएका घरमा अब खाना छिट नै पाक्दैन ।'

सरकारले सुधारिएको चुलो बनाउनका लागि बिपन्न तथा पिछडिएका समुदायका लागि अनुदान दिने व्यबस्था समेत गरेको छ । सुधारिएको चुलो प्रयोग भएपछि समय, दाउराको बचत मात्र होइन स्वास्थ्यमा समेत सुधार आएको छ । सुधारिएको चुलोको प्रयोगले निकै सजिलो भएको बताउँछिन् स्थानीय पबित्रा नेपाली । त्यसो त राम्रो आर्थिक हैसियत भएका परिवारले गोबर ग्याँस जस्ता नविकरणीय उर्जाको प्रयोग पनि गरेका छन् । अझ केही कामकाजी घर परिवारले एलपी ग्यासको समेत प्रयोग गरेर खाना पकाउने समयमा बचत गरेका छन् । त्यस मध्येमा एक हुन् बिनादेबी रावल । रावलका अनुसार सुधारिएको चुलोले एलपी ग्यास जत्तिकै उर्जा दिन्छ ।

अझ धनमाया केसीको घरमा त गोबर ग्यास पनि जडान भएको छ । यी सबै प्रबिधिहरू आफनो आर्थिक हैसियत अनुसार राख्न सकिन्छ । तर यसको नतिजा भनेको महिलाको कार्यबोझ घटाउनु हो । महिलाहरूले समय बचत गरेर बचत भएको समयमा सानोतिनो व्यापार, व्यबसाय गरेर आर्थिक सुरक्षामा समेत टेवा दिन सक्छन् । गेटा गाविसका प्राय सबै महिलाहरू घरको काम सँगसँगै बैकल्पिक रोजगारमा पनि आबद्ध छन् । सरकारले लागू गरेको लैगिक उत्तरदायी बजेटको अवधारणा अनुसार लैगिक समानता कायम गर्न स्थानीय निकायले महिलाका कार्यबोझ कम गराउने योजना लागू गर्नु पर्ने व्यबस्था छ । सुधारिएको चुलोबाट महिलाहरूले समयको बचत हुने र बाँकी समय अन्य उत्पादनशील काममा लगाउन सकिने तत्कालीन गेटा गाविस तथा हाल अत्तरिया नगरपालिकाका सामाजिक परिचालक रन्जिता शाही बताउँछन् ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उप सचिब पुरूषोत्तम नेपालका अनुसार महिलाको कार्यबोझ कम गर्न स्थानीय निकायले बिभिन्न प्रकारका योजना तथा कार्यक्रम ल्याउन सक्छन् । 'हाल आएर ग्रामिण भेगमा ऊर्जा उत्पादनका प्रविधिहरूमा सुधारिएको पानी घट्ट, सौर्य उर्जा, गोबर ग्यास, सुधारिएको चुलो, आदि प्रयोगमा आएका छन् । जसको माध्यमबाट महिलाको कार्यबोझ घटाउने, मानब स्वास्थ्यमा सुधार ल्याउने र बित्तिय सहयोग जुटाउन सकिन्छ ।' यसमा नेपालको थप भनाई थियो 'अब पहिला परम्परागत चुलो थियो । जंगलहरू थिए, दाउरा प्रशस्तै पाइन्थ्यो । अब दाउराहरू पनि जस्तै जनसंख्या बढ्यो दाउराहरू, बोटबिरूवाहरू कम हुँदै गए । दाउराहरू नपाइने भयो । त्यसकारणले यो चुलोहरू निर्माण गरिसकेपछि दाउराहरू कम लाग्ने, जस्तै कि घरको धुँवाहरू बाहिर जान्छ, अनि खाना पकाउने महिलाहरूलाई श्वासप्रश्वास रोग जस्तै दम, खोकी, निमोनिया, आँखा पाक्ने रोगहरू हुन्थ्यो । अहिले चाहिँ अब यो सुधारिएको चुलो भइसकेपछि बाहिर धुँवा जान्छ अनि यो रोगबाट मुक्त हुने भयो ।'

*–साभार: मीरेष्ट नेपाल समायोजन लेखमाला*

# जर्मनीको निर्विकल्प महिला नेतृ : आन्जेला मेर्केल

■ सुधा कार्ले

विगत २० वर्षको अन्तर्राष्ट्रिय राजनीतिलाई केलाउने हो भने केही देशमा केही नेताहरु निर्विकल्प भएको देख्न पाइन्छ । निर्विकल्प नेताको नाम लिंदा पहिले पहिले माओ जे दुङ, तेङ स्याओ पिङ, लि क्वान यू, महाथिर मोहमद आदि जस्ताको नाम मानिसहरुको जिब्रोमा आइरहन्थ्यो । हुन त अमेरिका, बेलायतमा पनि दुई अवधिभन्दा बढी राष्ट्रपति बन्न पाइने संविधान हुन्थ्यो भने त्यहाँ पनि कोही कोही लामै अवधिका लागि राष्ट्रपति हुन्थे होला । पछिल्लो समयमा आएर रुसका राष्ट्रपति पुटिन, चीनका राष्ट्रपति सि जिन पिङ र जर्मन प्रधानमन्त्री (चान्सलर) आन्जेला मेर्केलले विश्व हल्लाइरहेको देखिन्छ । यस लेखमा पाँच वर्षे कार्यकालको चौथोपटक चान्सलरमा निर्वाचित भएकी जर्मनीकी प्रथम महिला प्रधानमन्त्री आन्जेला मेर्केलको बारेमा जानकारी दिइन्छ ।





### आन्जेला मेर्केल

आन्जेला डोरोथेआ मेर्केल जर्मनीको चान्सलरको रुपमा सन् २००५ देखि लगातार निर्वाचित भई जर्मनीको राजनीतिक इतिहासमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएकी छिन् । उनलाई अहिले आएर जर्मनीको मात्रै नभई सम्पूर्ण युरोप वास्तविक र शक्तिशाली नेतृको रुपमा मानिन्छ । तत्कालिन पश्चिम जर्मनीको हामवुर्गमा



१९५४ मा जन्मिएकी मेर्केल बालककाल आफ्ना क्रिश्चियन पुरोहित बाबुसँग पूर्वजर्मनीमा बिताएकी थिइन् । क्वान्टम केमेष्ट्रिमा डक्टरेट डिग्री हासिल गरेकी मेर्केल सन् १९८९ सम्म अनुसन्धान विज्ञ भएर काम गरेकी थिइन् । सन् १९८९ मा बर्लिनको पर्खाल ढलेपछि बनेको पूर्वजर्मनीको प्रथम निर्वाचित लोथर दे माइजरको सरकारको प्रवक्ता बन्न पुगेकी थिइन् । यही सरकारले सन् १९९० मा पूर्वजर्मनीलाई पश्चिममा विलय गराई जर्मन एकिकरण सम्पन्न गरेको थियो । एकिकरणपश्चात भएको एकिकृत जर्मनीको संघीय संसदको चुनावमा मेर्केल मेक्लेनवुर्ग राज्यबाट चुनाव जिती सांसद बनेकी थिइन् । चुनावपश्चात सन् १९९१ म बनेको हेल्मुट कोलले नेतृत्व गरेको सरकारमा यिनी महिला तथा युवा मन्त्री बन्न पुगिन् । त्यसपछि सन् १९९४ मा यिनी वातावरण तथा प्रकृति संरक्षण मन्त्री बनेकी थिइन् । सन् १९९८ को संघीय संसदीय चुनावमा उनको दल क्रिश्चियन डेमोक्र्याटिक युनियनले हार ब्यहोरेपछि भएको दलको महाधिवेशनले उनलाई पार्टीको महासचिव बनाएको थियो । त्यसको दुई वर्षपछि भएको चन्दा काण्डमा पार्टी अध्यक्ष उल्फगांग सैवेल मुछिएको कारण उनी पार्टीको पहिलो महिला तथा संसदमा विपक्षी दलको नेतृ बन्न पुगिन । सन् २००५ मा भएको संघीय संसद बुण्डेस्टागको निर्वाचन उनको विजयपश्चात सोसलिस्ट पार्टी जर्मनीसँग संयुक्त सरकार बनाई त्यसको प्रधानमन्त्री (चान्सलर) यिनी आफैं बनिन् र जर्मनीको प्रथम महिला प्रधानमन्त्री बन्ने ऐतिहासिक अवसर पाइन् । तत्पश्चात् भएको २००



९, २०१३ र २०१७ को बुण्डेस्टागको निर्वाचनमा हार ब्यहोर्न नपरेको कारण उनी मार्च २०१८ बाट पुनः चान्सलरमा निर्वाचित भएकी छिन् । यसप्रकार चौथो पटक लगातार चान्सलर बनेर यसपटक उनले जर्मनीको इतिहासमा अर्को रेकर्ड बनाउन सफल भइन् ।

जर्मन चान्सलरको हैसियतमा उनी २००७ मा युरोपियन युनियनको काउन्सिलको अध्यक्ष बनी सिंगो युरोपलाई नेतृत्व दिने तहमा पुगिन् । उनको कार्यकालमा लिस्वन महासन्धि, बर्लिन घोषणाजस्ता ऐतिहासिक कार्य सम्पन्न भए जसले युरोपेली वित्तीय समस्यालाई उनकै नेतृत्वको कारण ब्यवस्थापन गर्न सफल भयो । देशभित्रै पनि उनले अँगालेको स्वास्थ्य, ऊर्जा र शरणार्थी नीति सफल बन्न पुग्यो । लामो समयसम्म जर्मन चान्सलर बन्न सफल आन्जेला अहिले युरापेली राष्ट्र र जि सेभेनका राष्ट्रका नेताहमध्ये वरिष्ठ बन्न पुगेकी छिन् । जी सेभन (Great Seven Industrial Country) मा अमेरिका, जापान, जर्मनी, क्यानडा, बेलायत, फ्रान्स र इटली सदस्य राष्ट्र रहेका छन् ।

आन्जेला शुद्ध जर्मन होइनन् । उनको हजुरवा पोलेण्डका प्रहरी थिए । उनको विवाह आन्जेलाको हजुरआमा मार्गारिथसँग भएपछि यिनीहरु क्रमशः जर्मन बन्न पुगे । आन्जेलाकी हजुर आमा बर्लिनकी नागरिक थिइन् । हजुर बुबा क्रिश्चियन पुरोहित भएको कारण यिनी पूर्व र पश्चिम जर्मनी गरिरहन्थे । पछि यिनका बाबु पनि पुरोहित बनी पूर्वजर्मनीको ब्रान्डेनवुर्गमा बसोबास गर्न आइपुगेका थिए । त्यहाँ नै आन्जेलाको बाल्यकाल बितेको थियो ।

अचम्मको कुरा जर्मनीको दक्षिणपन्थी दलको नेता भई एकिकृत जर्मनीको चान्सलर बन्न पुगेकी आन्जेलाको राजनीति सन् १९६८ मा फ्रि जर्मन युथको सदस्य भई सुरु भएको थियो । यो संस्था जर्मनीको मार्क्सवादी लेनिनवादी भनिने जर्मनीको समाजवादी एकता पार्टीसँग आबद्ध थियो । तत्कालिन पूर्वजर्मनीमा हरेकले मार्क्सवाद लेनिनवाद अध्ययन गर्नैपर्ने अनिवार्य भएको कारण यिनले पनि त्यस विषयमा तालिम प्राप्त गरेकी थिइन् तर त्यसको अध्ययनमा उनी कहिले पनि उत्कृष्ट हुन भने सकिनन् ।

त्यतिखेर विद्यालयमा रसियन भाषा अनिवार्य भएको हुँदा आन्जेलाले पनि रसियन राम्रो बोल्ने लेख्ने गर्थिन् । गणित र रसियन भाषामा त विद्यालयको परीक्षामा उत्कृष्ट अंक ल्याएको कारण पुरस्कृत हुने गर्थिन् । उनले तत्कालीन पूर्वजर्मनीको लाइपजिगस्थित कार्लमार्क्स विश्वविद्यालयमा सन् १९७३ देखि ७८ सम्म भौतिक शास्त्रको अध्ययन गरेकी थिइन् । पछि सन् १९८६ मा उनले भौतिक रसायन शास्त्रमा एकेडेमी अफ साइन्सेजबाट विद्यावारिधि गरिन् । उनी सन् १९८६ मा पहिलो पटक पश्चिम जर्मनी एक भेलामा सहभागी हुन पुगेकी थिइन् ।

बर्लिनको पर्खाल ढल्नुसँगै आन्जेलाको सक्रिय राजनीतिक जीवनको शुरुवात भएको थियो । डेमोक्र्याटिक अवेकनिङ (प्रजातान्त्रिक जागरण) भन्ने नयाँ



दलको सदस्य भई उनले जर्मनीमा राजनीति सुरु गरिन् र पूर्वजर्मनीको प्रथम बहुदलीय संसदीय चुनावपश्चात यो दल पूर्वजर्मनीको क्रिश्चियन डेमोक्र्याट युनियनमा विलय भएपछि समाजवादी आन्जेला दक्षिणपन्थी क्रिश्चियन डेमोक्र्याट बन्न पुगिन् र जर्मनको चान्सलरसम्मको आफ्नो राजनीतिक यात्रा तय गर्न सफल रहिन् । यिनी आफू क्रिश्चियन डेमोक्र्याट भए तापनि जर्मनीबाट सबै परमाणिक भट्टी सकेसम्म छिटो हटाइ जर्मनीलाई विश्वकै एक परमाणिक प्रदूषणमुक्त पर्यावरणमैत्री राष्ट्र बनाउनुपर्दछ भन्ने जर्मन हरियाली पार्टीको विचारसँग यिनी पूर्ण सहमत भएको कारणले गर्दा पनि यिनको लोकप्रियता विपक्षी दलहरुमा पनि रहेको छ । अमेरिकासँगको जर्मनीको सम्बन्धलाई औधी महत्व दिने आन्जेलाले जर्मन जनमत विपरीत अमेरिकाको इराकमाथिको हमलाको समर्थन र टर्कीलाई युरोपेली संघमा सदस्य बनाउने कुराको आलोचना गरेकी थिइन् ।

दोस्रो विश्वयुद्धपछिको जर्मनीको राजनीतिक इतिहासमा एकै दलले बहुमतको सरकार बनाएको रेकर्ड छैन । दुई ठूला दल क्रिश्चियन डेमोक्र्याट र सोसलिस्ट पार्टी जर्मनीको नेतृत्वमा संयुक्त सरकार बनेको पाइन्छ । जसअन्तर्गत सोसलिस्ट पार्टीबाट चान्सलर बन्ने राजनीतिक नेताहरुमा बिली ब्रान्ट, हेल्मुट स्मिथ र गेरहार्ड स्रोडर गरी तीन जना भए भने क्रिश्चियन डेमोक्र्याटबाट पनि कोनराड आडेनावर, हेल्मुट कोल र आन्जेला मेर्केलले गरी तीनैजना चान्सलर भए । जसमध्ये चारौं पटक लगातार चान्सलर बन्ने मौका भने आन्जेलाले मात्रै पाएको हुँदा आन्जेला अहिले विश्वकै सबैभन्दा शक्तिशाली प्रधानमन्त्री बन्न पुगेकी छिन् जसको लोकप्रियता जर्मनी, युरोप र विश्वभरि नै फैलिएको छ ।

## रोचक संसार


### चिच्याउँदा मोबाइल चार्ज



फन पार्कमा रोल कोस्टरमा घुम्दा मज्जा आउँछ । कतिपय भने नराम्रोसँग तर्सिएर चिच्याउँछन् पनि । यो दुनियाँमा एउटा यस्तो रोलर कोस्टर छ जहाँ तपाइँ बसेर चिच्याउनुभयो भने तपाइँको मोबाइल फोन चार्ज हुन्छ ।

बेलायतको थोर्प पार्कमा रहेको द वाकिंग डेड नामक रोलर कोस्टर यस्तो अनौठो रोलर कोस्टर हो । यसमा बसेर मानिसहरु जति धेरै चिच्याउँछन् उती नै धेरै बिजुली उत्पन्न हुन्छ । उक्त रोल कोस्टरमा बसेर यात्रा गर्नुअघि सबैले आफ्नो फोन चार्ज गर्नका लागि जम्मा गर्नुपर्ने हुन्छ ।उक्त थेम पार्क सुरु गर्ने जोन बर्टनका अनुसार अब पार्कमा आउने दर्शकहरुलाई पार्कमा घुम्दा घुम्दा आफ्नो मोबाइल फोनको ब्याट्री चार्ज सकिने चिन्ता हुनेछैन । यो रोलर कोस्टरले उक्त समस्यालाई दूर गरिदिनेछ ।

### हात्तीको 'धूमपान'



धूवाँ फालिरहेको जस्तो देखिएको भारतको एक जंगली हात्तीले विश्वभरका वन्यजन्तु विज्ञहरूलाई आश्चर्यमा पारेको छ । भारतको वन्यजन्तु संरक्षण समाजका वैज्ञानिक विनय कुमारले लिएको ४८ सेकेण्डको उक्त भिडियो अहिले चर्चामा छ । उनले यो भिडियो आफ्नो कामको सिलसिलामा दक्षिणी भारतीय राज्य कर्नाटकको नगरहोले जङ्गलमा सन् २०१६ को अप्रिल महिनामा खिचेका थिए । आफूले भिडियोको महत्त्व नबुझेकाले यसअघि सार्वजनिक नगरेको वैज्ञानिक कुमारले बिबिसीलाइ बताए ।

वैज्ञानिकहरू भने अझै पनि हात्तीले किन त्यसरी खरानी मुखबाट उडायो भन्नेमा प्रस्ट छैनन् । यो हात्तीले यस्तो खाले आचरण देखाएको पहिलो भिडियो दस्तावेज हो । यसले विज्ञ र वैज्ञानिक दुवैलाई अचम्मित पारेको वन्यजन्तु संरक्षण समाज, भारतले बताएको छ ।

कुमारले आफू र आफ्नो समूहले बिहानैबाट जङ्गल अवलोकन गरेर बाघको तस्वीर लिन खोज्दै गर्दा एक स्त्री हात्तीलाई देखेको बताए । आफूभन्दा ५० मिटर देखिएको सोही हात्तीको भिडियो आफ्नो क्यामेराले कैद गरेको कुमारले बताए । वक्तव्य अनुसार हात्तीले जंगली आगोमा रहेका कोइलाहरू निलेको र खरानी फू गरेर उडाएको जस्तो देखिने बताएको छ । 'त्यो दिन हामीले हात्तीले धूम्रपानै गरेजस्ता देखेका थियौं', कुमारले भने, 'हात्तीले सुँढले खरानी मुखमा हालेर फू' गरेर फालेको देखिएको थियो ।'

### हराएको घोडा फेसबुकमा


५ महिनाअघि हराएको मुख्यमन्त्रीको घोडा फेसबुकको माध्यमबाट फेला परेको छ । घटना भारतको हो । पञ्जाबका मुख्यमन्त्री हरचरण सिंह बराडको झण्डै १० लाख भारु मूल्य पर्ने घोडा ५ महिना अघि हराएको थियो । मुख्यमन्त्रीकी बुहारीको घोडा फार्ममा



उक्त घोडा राखिएको थियो । तर त्यहाँबाटै अचानक उक्त घोडा हरायो । तर एकदिन मुख्यमन्त्रीका छोरा तेगवीर सिंहले फेसबुक पेजमा आफ्नो हराएको घोडाको तस्वीर देखे । चण्डीगढस्थित एक हर्स राइडिंग स्कुलले आफ्नो वेबसाइटमा उक्त घोडाको तस्वीर शेयर गरेको थियो । त्यसपछि उक्त स्कुलका सञ्चालकलाई आफ्नो घोडा फिर्ता गर्न आग्रह गरियो र स्कुलले मुख्यमन्त्रीको घोडा फिर्ता गर्यो ।

चेमपन्स पिक नश्लको उक्त घोडा आफ्नो फार्मभन्दा २३५ किलोमिटर टाढा स्कुलमा फेला परेपछि कसरी घोडा त्यहाँ पुग्यो भन्ने आश्चर्य पैदा भएको छ । तर यसबारेमा मन्त्रीका पुत्रले केही खुलासा गर्न चाहेका छैनन् । आफूले घोडा कसरी र कसले त्यहाँ पुर्यायो भनेर खोतल्न नचाहेको भन्दै उनले घोडा फिर्ता गरेकोमा धन्यवाद दिएका छन् ।

### अग्लो भवन



सन् २०१० मा बुर्ज खालिफा निर्माण गरी दुबईले विश्वको सबैभन्दा अग्लो भवनको कीर्तिमान आफ्नो नाममा पारेको थियो । त्यस समय पूरै विश्व इन्जिनियरिङको त्यो अद्वितीय नमूना देखेर हैरान भयो । दुबईको सिको गर्दै बुर्ज खालिफालाई उछिन्ने प्रयत्न तत् पश्चात् अन्य देशहरुले नगरेका होइनन् । तर अहिलेसम्म दुनियाँमा बुर्ज खालिफाभन्दा अग्लो भवन बनेको छैन । तर आउँदो दिनमा बुर्ज खालिफाको कीर्तिमान अरु कुनै भवनले लिनेछ । हो, अमेरिकाको न्युयोर्कमा विश्वको सबैभन्दा अग्लो भवन बनिरहेको छ । कीर्तिमानी अग्लो भवन बनाउनका लागि अमेरिकी इन्जिनियरहरुले यस्तो दिमाग लगाएका छन् कि उनीहरुको डिजाइन हेर्दा नै अचम्म परिन्छ ।

बुर्ज खलिफाको उचाई ८ सय २८ मिटर रहेको छ । विज्ञहरुले बुर्ज खलिफाभन्दा अग्लो भवन सुरक्षाका दृष्टिले पनि उपयुक्त नहुने र खतरनाक हुने नबताएका होइनन् । हावाको गति तथा दबाब उच्च हुने भएकाले कामदारका लागि काम गर्न गाह्रो हुने, ठूलो मात्रामा भौतिक पदार्थहरु थुप्रिँदा त्यसले जमिनको स्थिरतामा पनि प्रभाव पारेर संरचनालाई कमजोर बनाउने सम्भावना विज्ञहरुले देखाउने गरेका छन् । तर यी सबै समस्याबाट पार पाउनका लागि अमेरिकाका इन्जिनियर हरुले आफ्नो दिमाग लगाए र यस्तो मोडल तयार पारे ।

### मान्छेझैँ बाँदर

मानिसको पुर्खा भनिन्छ बाँदरलाई । त्यसैले मानिस र बाँदरको धेरै कुरा मिल्छ पनि भनिन्छ । पृथ्वीमा धेरै प्रजातिका बाँदर छन् । अहिले चाहीँ एउटा खास बाँदर सोसल मिडियामा चर्चाको विषय बनिरहेको छ ।


यो बाँदर ठ्याक्कै मानिसकै अनुहार परेको छ । चीनको तिआन्जिन जुलोजिकल गार्डेनमा रहेको यस बाँदरले



आफ्नो अनुहार र हाउभाउका माध्यमबाट आगन्तुकहरुलई आफुतर्फ आकर्षित गरिरहेको छ । यो बाँदरको अनुहार मानिससँग धेरै मिल्दछ । सोसल मिडियामा यो बाँदरका केही फोटो तथा भिडियोहरु शेयर गरिएको छ । बाँदरलाई देखेर चिडियाखानाका कर्मचारी पनि हैरान छन् । यो बाँदरको एक भिडियो निकै भाइरल बनेको छ जसमा उसले फरक फरक हाउभाउ प्रस्तुत गरेको छ ।

इन्टरनेटमा अपलोड भएसँगै यो भिडियोलाई विभिन्न प्लेटफर्ममा लाखौं मानिसले हेरिसकेका छन् र शेयर गरेका छन् ।


### अनौठो होटल



चीनले हालै विश्वको सबैभन्दा भव्य, ठूलो तथा अत्याधुनिक अन्तर र्राष्ट्रिय विमानस्थल बनायो, राजधानी बेइजिङमा । चीनको कीर्तिमानीको यो रफ्तार यत्तिमा मात्र रोकिनेवाला छैन । अब छिटै अर्को आश्चर्यजनक तथा कीर्तिमानी भौतिक संरचनाले पुनः अन्तर्राष्ट्रिय सञ्चार माध्यममा चर्चा कमाउँदैछ ।

चीनको सांघाइमा एउटा यस्तो होटल बन्दैछ जसलाई डिप पिट होटेल अर्थात् गहिरो खाल्डोको होटेल भन्दा पनि हुन्छ । यो होटल निकै ठूलो हुनेछ । तर जमिनमाथि चाहिँ केवल २ वटा तला मात्र हुनेछन् । होटलका अन्य १७ तलाहरु जमिनमुनि हुनेछन् । त्यस्तै अन्य दुईवटा तला चाहिँ वास्तवमा पानीमुनि हुनेछन् । उक्त होटेल निर्माणस्थलका सार्वजनिक भएका तस्वीरहरु निकै भव्य तथा आश्चर्यजनक देखिन्छन् ।

### पुरानो रूख



कुनै डेढ सय फिट अग्लो भवनको छानोमा रुख उम्रनु नै अनौठो हो । त्यो रुखको हेरचाह गर्ने कुरा अर्को अद्वितीय काम हो । चीनमा चाहिँ यस्तै चलिरहेको छ । चीनको हुवाङगाङ सहरमा एउटा अनौठो रुख छ ।

त्यो रुख १ सय वर्षअघि उम्रिएको हो । रुख पूरानौ भएर अनौठो भएको होइन की यो जहाँ छ, त्यो ठाउँ नै अनौठो छ । यो रुख १ सय ४० फिट अग्लो प्यागोडा मन्दिरको छतमा रहेको छ । रुख त्यहीँ नै उम्रिएको हो आफै । उक्त मन्दिर चाहिँ सन् १५४७ मा बनेको हो ।

मन्दिरको छानोमा रहेको त्यो रुखको आकार पनि ठूलो भैसकेको छ र अझै पनि हराभरा छ । यो रुख अहिले पर्यटकको केन्द्र बनेको छ र यसको संरक्षण र हेरचाहको लागि विज्ञहरुले जुक्ति निकालेका छन् । त्यति उचाइमा सामान्य तरिकाले रुखलाई पानी हाल्न सकिँदैन । त्यसैले उक्त रुखलाई फायर ब्रिगेड इन्जिनद्वारा रुखमा पानी हालिन्छ ।

*अनलाइन खबरबाट*

प्रेरक

# बुद्ध एक किसान

एक दिन बुद्ध भिक्षाटनका लागि निस्कनुभयो । बुद्ध बाटोमा पर्ने धनी, गरिब सबैका घरमा रोकिनुहुन्थ्यो र जसले जति दिन्छन्, त्यति लिएर बिदा हुनुहुन्थ्यो ।

बाटामा जाँदै गर्दा एक ब्राहमणको घरमा पनि गौतम बुद्ध रोकिनुभयो । ब्राह्मणले केही अबेर गरेर ढोका खोले । ब्राह्मण केही चिन्तित पनि देखिन्थे । उनले रिसलाई अधीनमा राख्न सकेका थिएनन् । ब्राह्मणले बुद्धलाई भने- 'तिमी यसरी किन भिख मागिरहेका छौ ? हेर्दा त तिमी राम्रा हृष्टपुस्ट देखिन्छौ । तिम्रो यो उमेरमा त काम गरेर पो खानुपर्छ । तिमी मेरोमा काम गर जसले गर्दा तिमीलाई आवश्यक भोजन प्राप्त हुन्छ ।'

बुद्धले मुस्कुराउँदै जवाफ दिनुभयो- 'ब्राह्मण, म पनि त तिमीजस्तै किसान नै हुँ । ब्राह्मण छक्क परेर भने, 'तिमी किसान अरे । त्यसो भए तिम्रा खेतीको औजार कहाँ छन् ?' बुद्धले भन्नुभयो, महाशय म ज्ञानको खेती गर्छु । विवेक अनि वैराग्य मेरा अनाज हुन्, सत्य तथा अहिंसा तिनका बीज हुन्, त्यागको पानी दिएर म बिरुवा उमार्छु, ध्यान नै मेरो साध्य हो, साम र धाम मेरा हलो र जुवा हुन्, यिनीहरुको मद्दतले मैले मानवताको खेती गर्छु । यही मेरो नित्य काम हो, जसको सहायताबाट नै मेरो जीवन चल्छ । हे महाशय ब्राह्मण, आध्यात्मिक शक्तिको अर्थ अर्कै छ । जसको कारण मनुष्य संसारको आनन्द लिन सक्छ । अनि त्यही आनन्द म लिने गर्छु ।'

ब्राह्मणले यस्ता आध्यात्मिक गुरु आजसम्म देखेको पनि थिएनन् । उनी बुद्धका अगाडि आफू अज्ञानी व्यक्ति जस्तो महसुस गरिरहेका थिए । त्यसैले बुद्धलाई थप एक शब्द पनि भन्न नसकी बाह्मण एक्कासी बुद्धका चरणमा हात जोड्न लागे र भने- 'मलाई क्षमा गर्नुहोस्, महात्मा । मैले हजुरलाई चिन्न सकिनँ । मेरो यो अहोभाग्य पनि हो कि हजुर मेरो दैलोमा आउनुभयो । हजुरजस्तो आध्यात्मिक गुरुलाई भेट गर्न पाएँ । यस कुरामा म निकै खुसी छु । तर मैले हजुरलाई भन्न नहुने कुरा भनेँ ? यो भूल सम्झेर क्षमा दिनुहोला र आजदेखि मलाई आफ्नो शिष्य बनाउनुहोस ।'

बुद्धले ब्राह्मणलाई उठाउदै भन्नुभयो- 'हेर भरतद्वाज, तिमीबाट गल्ती भएको छैन । तिमीले त मात्र एक गरिब भिक्षुलाई काम दिने र त्यो बापत आवश्यक भोजन दिने कुरा गरेका हौ । यसमा दुखित हुनुपर्ने कुरा कहाँ छ र ?' बुद्धको यो कुरा सुनेर ब्राह्मण बुद्धलाई अझ बुझ्न पाएकोमा खुसी भए । उनले बुद्धलाई भोजनका लागि आग्रह गरे । बुद्ध ब्राह्मण भरतद्वाजलाई बुद्ध संघको निमन्त्रणा दिएर बिदा हुनुभयो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

अवसरले पछ्याए पनि कर्मगतिले पछि पार्न सक्छ । प्रतीक्षा गरिएको नतिजा सकारात्मक नहुने समय छ । सहयोगीहरूले साथ दिन छाड्नेछन् भने अस्वस्थताले कमजोर महसुस हुनेछ । व्यवसायमा सोचेको फाइदा नउठ्न सक्छ । बौद्धिक व्यक्तित्वसँग प्रतिस्पर्धामा उत्रनुपर्ला । अध्ययनमा समय दिन नसकिएला । गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ ।

## बृष

बेसुरमा वचन दिने बानीले अप्ठ्यारोमा पार्न सक्छ । ईर्ष्या गर्नेहरूले सताउन सक्छन् । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । बुद्धिको उपयोगले जटिल ठानिएको काम समेत सम्पादन होला । आजको श्रमबाट पछिलाई फाइदा पुग्न सक्छ । मनको डरले तर्साए पनि व्यवहारमा फाइदा हुनेछ । परिवारमा आमाको सहयोग लिँदा काम सम्पादन हुन सक्छ ।

## मिथुन

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । पुरुषार्थद्वारा उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । विशेष उपहार हातलागी होला । कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ ।

## कर्कट

बलजफ्ती गर्ने बानीले पहिलेकै काम दोहोर्याउनुपर्ने हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । स्थायी सम्पत्तिमा पनि केही विवाद आउन सक्छ । मिहिनेत गरीकन चिताएको मूल्य प्राप्त नहुने देखिन्छ । अध्ययनमा त्यति समय दिन नसकिएला । ईर्ष्या गर्नेहरूले बिनाकारण सताउन सक्छन् । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला ।

## सिंह

अवसर प्राप्त भए पनि नियमित काममै अलमलिनाले पछि परिनेछ । पहिलेको योजना अनिश्चित बन्नेछ भने नयाँ काममा अन्योल बढ्न सक्छ । आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला । आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् । रमाइलो जमघट एवं भोजभतेरको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ला ।

## कन्या

घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । बनिसकेको काम दोहोर्याउनुपर्ने हुन सक्छ । अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफूलाई समस्या पर्दा साथीभाइले समेत वास्ता गर्न छाड्नेछन् । प्रयत्न गर्दा पछि यात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ ।

## तुला

मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । आँटले काम सम्पादन हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

## बृश्चिक

मिहिनेतले विशेष जिम्मेवारी दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम बन्नेछ भने आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । कीर्तिमानी काम सम्पादन गर्ने समय छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । सामाजिक दायित्व बढ्नेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

## धन

परिस्थितिवश चिताएको काममा बाधा आउला । आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । मिहिनेत परे पनि विगतका कमजोरी सच्याउँदै नयाँ अवसर जुटाउन सफल भइनेछ । आध्यात्मिक ज्ञानले डर तथा दुर्भावनाका तरंगहरू समाप्त हुनेछन् । गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ । तर नयाँ काम गर्न समय पर्खनुहोला ।

## मकर

व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । स्वास्थ्यका लागि आहारविहारमाध्यान पुर्याउनुहोला।समस्या पर्दा शुभचिन्तकहरूले साथ दिनेछन् । चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

## कुम्भ

परिवेश उल्लासमय रहे पनि मन खिन्न रहनेछ । मनोरञ्जन तथा लोकाचारका लागि फजुल खर्च हुन सक्छ । आफन्तसँग सुमधुर सम्बन्धका लागि विशेष ध्यान पुर्याउनुहोला । तापनि परिवारजनको साथले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । व्यापारको बहानामा रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ ।

## मीन

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ । परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ । शत्रु र रोगबाट भने सजग रहनुपर्ला । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ ।

# "भैरे" को दोस्रो गीत सार्वजनिक

जेठ १८ गतेलाई प्रदर्शन मिति तय गरिएको फिल्म 'भैरे' को दोस्रो गीत सार्वजनिक भएको छ । यसअघि सार्वजनिक भएको 'सान्नानीलाई भेट्न आउँदा' बोलको गीतले चर्चा बटुल्दै गर्दा निर्माण टिमले दयाहाङ राई र सुरक्षा पन्त फिचरिङ 'सनम माया ला'को' गीत सार्वजनिक गर्‍यो । एभरेष्ट सूर्य बोहराको शब्द रहेको गीतमा यम बरालले संगीत भरेका छन् । यम र अञ्जु पन्तको स्वर गीतमा सुन्न सकिन्छ । गीतले प्रेमभाव बोल्छ । भिडियोमा दया र सुरक्षाको केमेष्ट्री कमालको देखिएको छ । कोरियोग्राफर बसन्त श्रेष्ठले वेषभुषामा विशेष ध्यान दिएका छन् । एभरेष्ट सूर्य बोहराको लेखन र निर्देशन रहेको फिल्मको निर्मातामा प्रेम प्रसाद पौडेल र देवीमाया अधिकारी छन् । पुरुषोत्तम प्रधानले 'भैरे' को सम्पूर्ण सिन खिचेका हुन् । करुणाकर घिमिरे, सविता गुरुङ, यम बराल र कुमार बस्नेत फिल्मका सह(निर्मातामा छन् । नेपालय सिनेमा इन्टरनेशनलद्वारा निर्मित तथा लेख बहादुर पुन कार्यकारी निर्माता रहेको 'भैरे' को सम्पादनको जिम्मेवारी बनिष शाहले सम्हालेका छन् ।

# मंगलम, गाजा बाजा र हुर्रेको ओपनिङ विजनेस

फ्राइडे रिलिज अन्तर्गत शुक्रबारबाट देशव्यापी प्रदर्शनमा आएका तीन नेपाली फिल्म 'हुर्रे', 'मंगलम' र 'गाजा बाजा' को ओपनिङ एकसाथ प्रदर्शनमा आउँदा तीनवटै फिल्मलाई व्यापारमा ठूलो असर गरे तापनि 'मंगलम' अन्य दुई फिल्मभन्दा माथि छ ।

अभिनेत्री शिल्पा पोखरेल स्टारर यो फिल्मले सुखद ओपनिङ गरेको छ । शुक्रवार ५५ प्रतिशत रहेको फिल्मको अकुपेन्सी शनिवार करीब शतप्रतिशत रह्यो । बिहानी, दिवा र रात्री शो राजधानी सहित देशैभरका अधिकांश सिंगल स्कृनमा 'मंगलम' हाउसफुल छ । राजधानीका मल्टिप्लेक्समा पनि शनिवार बिहानैदेखि दर्शकको चाप देखिन्थ्यो ।

काठमाडौं बाहिरका चितवन, पोखरा, वुटवल, दमक, विर्तामोड, धरान, इटहरीमा पनि दर्शकको उपस्थिति आक्रामक देखिएको वितरक कम्पनी एफडीले जानकारी दिएको छ । नवल नेपालद्वारा निर्देशित तथा छविराज ओझाद्वारा निर्मित उक्त फिल्ममा पुष्प खड्का, साम्राज्ञी राज्यलक्ष्मी शाह, पृथ्वीराज प्रसाइ, नीर शाह, मिथिला शर्मा लगायतका कलाकारहरुको पनि अभिनय छ । युवा वर्गका दर्शकले धेरैपछि फरक स्वादको फिल्म हेर्न पाएको प्रतिक्रिया दिएका छन् । उता यम थापाद्वारा निदेशित फिल्म 'हुर्रे' को पनि वर्ड अफ माउथ राम्रो छ । स्टारकास्टले भरिपूर्ण फिल्म हेर्न दर्शकको चाप बढेको छ । 'हुर्रे' हेर्न हलसम्म पुगेका दर्शकले फिल्मलाई राम्रो भनेका छन् । अनुपविक्रम शाही, विजय बराल, केकी अधिकारी, राजाराम पौडेल, अंकित खडका लगायतका कलाकारहरु फिल्ममा लिड रोलमा छन् ।

# "शत्रु गते" चैतबाट

चैत ९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'शत्रु गते' को कमेडी ट्रेलर सार्वजनिक भएको छ । शुक्रवार दिउँसो राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलरमा फिल्मका अधिकांश कलाकारलाई समावेश गरिएको छ । प्रदीप भट्टराईको निर्देशन रहेको फिल्मको ट्रेलरमा कमेडी भरपूर छ । 'रुपै मोहनी' र 'पिरतीको बर्को' गीत रिलिज भएपछि धेरैका लागि 'शत्रु गते' को ट्रेलर प्रतिक्षामा थियो । फिल्ममा अभिनेता पल शाहले पहाडिया युवक र अभिनेत्री आँचल शर्माले मधेसी युवतीको भूमिका निर्वाह गरेका छन् । पल र आँचलको विवाहमा बाधक बन्ने अरु पात्रहरुको वरिपरि फिल्म घुमेको छ । पहिलो पटक अभिनेत्री प्रियंका कार्की प्रहरी इन्स्पेक्टरको भूमिकामा देखिँदैछिन् । अभिनेता दीपकराज गिरीसँग उनको जोडी बाँधिएको छ । यस्तै, हास्यकलाकार हरिवंश आचार्यको श्रीमतीको भूमिकामा हास्यकलाकार तथा निर्देशक दीपाश्री निरौला प्रस्तुत छिन् । छोराको भूमिकामा पल छन् । ट्रेलरमा बरिष्ठ हास्यकलाकार मदनकृष्ण श्रेष्ठलाई केही युवतीहरुसँग रोमान्टिक मूडमा देख्न सकिन्छ । यस फिल्ममा राजाराम पौडेल, शिवहरी पौडेल, किरण केसी, बसुन्धरा भुषाल, सुष्मा कार्की, रमेश रञ्जन झा लगायतका कलाकारको पनि प्रमुख भूमिका छ ।

# "नाइँ नभन्नु ल ५" को सुटिङ सुरु

चलचित्र 'नाई नभन्नु ल ५'को छायांकन सुरु गरिएको छ । झापाको विर्तामोडबाट चलचित्रको छायांकन सुरु गरिएको हो । झापा र इलामको रमणीय स्थानमा यो चलचित्र खिचिनेछ । पहिलो दिनमा चलचित्रका मुख्य कलाकार स्वस्तिमा खड्का र अभिषेक नेपालले सट दिएका छन् ।

कान्तिपुर फिल्म एकेडेमीमा अध्ययनरत अभिषेक निर्देशक आचार्यको नजरमा परेपछि यो चलचित्रबाट डेब्यू गर्दैछन् । यस्तै, यो चलचित्रबाट बाल(कलाकार सेड्रिना शर्मालाई पनि लन्च गरिएको छ । यो चलचित्रमा उनी अर्का बाल(कलाकार अनुभव रेग्मीको जोडीको रुपमा देखिनेछिन् ।

विर्तामोडमा ३ दिन, इलाममा २५ दिन र काठमाण्डौमा एक साता यो चलचित्र खिचिनेछ । निर्देशक आचार्यले चलचित्रको प्रस्तुतिमा आफूहरुले धेरै नै मिहिनेत गरेको बताएका छन् । यो चलचित्रमा प्रियंका कार्की, दिलिप रायमाझी, केकी अधिकारीको पनि मुख्य भूमिका छ । चलचित्र 'नाई नभन्नुल ३'मा नै केकीलाई अभिनय गराउने सोच बनाएका निर्देशकले यसपटक बल्ल जुरेको बताए ।

विकास आचार्य र सामीप्यराज तिमल्सेनाको लेखन रहेको यो चलचित्रमा पुरुषोत्तम प्रधानको छायांकन छ भने बसन्त सापकोटाले संगीत भरेका छन् । भदौ ८ गतेबाट यो चलचित्र रिलिज हुँदैछ ।

*(एजेन्सीहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Refractory = नियन्त्रणमा लिन नसकिने A refractory horse should not let participate in race (नियन्त्रणमा लिन नसकिने घोडालाई दौडमा सामेल गर्नु हुँदैन)

Schism = फुट । मतान्तर Any schism widened might lead the organization towards collapse -बढ्दै गएको फुट र मतान्तरले संगठनलाई बिनाशतिर लैजान सक्छ)

Tractable = नियन्त्रणमा लिन सकिने, सुधो She seems a tractable young woman but in reality she is stubborn (हेर्दा सिधा जस्तो देखिए तापनि यथार्थमा तिनी हठी स्वभावकी छिन्)

Urbane = सहरिया, भलाद्मी His get-up looks like those of urbane but the manner does not (उसको पहिरन सहरिया मान्छेको जस्तो देखिए पनि स्वभाव भने त्यस्तो छैन)

Vagabond = डुलुवा । कुनै उद्देश्यबिना नै त्यसै डुल्ने He is a carefree vagabond ( ऊ एक निश्चिन्त रुपबाट जता मनलाग्यो त्यतै हिँड्ने खालको मान्छे हो)

Waive = अस्थायी रुपमा त्याग्नु वा छोड्नु । अडिग नरहनु As he did not waive his claim, we could not decide on the matter (उ आफ्नो माग अडिग नै रहेको हुँदा हामीले त्यस विषयमा कुनै निर्णय गर्न सकेनौं)

Yacht = हावाको झोक्काले कुद्ने हलुको डुंगा । नौका विहार Every weekend he goes for yachting हरेक सप्ताहको अन्त ऊ नौका विहार गर्न जान्छ)

Zing = जिउँदोपन, शक्ति If you put lilttle more zing into your playing, you probably win the match - अलिकति मात्रै बढी शक्ति लगायौ भने तिमीले म्याच जित्ने सम्भावना छ)

Adversity = गरिबी, दुर्भाग्य Everyone should face adversity with courage (दुर्भाग्यको सामना हरेकले धैर्यले गर्नुपर्दछ)

Burnish = घोटेर, दलेर वा पुछेर चम्काउनु, वा चम्किलो बनाउनु Soldiers spend their time also in burnishing shoes (सिपाहीहरू जुत्ता चम्काउनकै लागि पनि समय खर्च गर्दछन् )

# धर्मदर्शन

## संसारको दुःख

कहिलेकाही सम्भावित दुर्घटना हुनेछ भने पनि त्यहाँ सचेत होइदैन । ढुक्क होइन्छ । केही हुँदैन, राम्रै हुन्छ भन्ने ठानिन्छ । त्यस्तै कहिलेकाही केही हुनेवाला छैन । केही बिघ्नबाधा पर्नेवाला छैन तर पनि केही हुन्छ कि ? दुर्घटना हुन्छ कि, यसो हुन्छ कि, यसो हुन्छ कि, प्राणमा बाधा हुन्छ कि यावत् तर्क मनमा उत्पति हुन्छ । चाहिदोभन्दा ज्यादा सतर्क होइन्छ । आफ्नो दुर्भाग्यवश सतर्क हुनुपर्ने ठाउँमा ढुक्क होइन्छ । ढुक्क हुनुपर्ने ठाउँमा तरङ्गित हुँदा आपत्-विपत्का भाव जन्माइन्छ र रोइन्छ; यो कस्तो विडम्वनापूर्ण स्थिति ? मन र बुद्धिको खेल, चेतनाको असन्तुलन, भ्रम, भूल, दुर्घटना हुने ठाउँमा दुर्घटनाको सम्भावना नदेख्नु: नहुने ठाउँमा दुर्घटनाको सम्भावित त्रासले पिरोलिनु अचम्मको स्थिति यो के हो त ? शुद्ध चेतनाले काम नगर्नु ! यसैले गुरु चाहिने हो । चेतनालाई माझ्नुपर्ने हो । शुद्ध चैतन्यवोध भएकासँग सल्लाह-सुझाव लिनुपर्ने हो, तर पनि लिइदैन । दिइए पनि स्वीकार गरेर कार्यमा उतारिदैन । यही संसारको दुःख हो ।

## भय र जीवन रक्षार्थ

भयले शरीरको रक्षा गर्छ, किनभन्दा शरीरमा, मनमा, व्यवहारमा कुनै आपति आउँछ कि भन्दै भय उत्पति हुन्छः भय प्रकृति हो; भयबिना जीवन रक्षा हुन गाह्रो पर्छ; भय, दुःख र मृत्युसँग टाढा बस्न खोज्छ र संगतियुक्त, जीवन चाहन्छ; तर पनि भय, शोक, मोह दुःख हो भन्छौं, हामी भय हट्नुपर्छ भन्छौं हामी वा भगवान्को ? ईश्वर वा विद्याताको प्रश्न उब्जिरहेको छ; मान्छेको मनमा: अज्ञात हुँदै आँसु चुहिरहेको छ; आँसुले प्रश्न गरिरहेको यस्तो दुःख किन भयो ? अधुरो जीवन किन भयो ?

## मेरो सबैतिर चुनौती र प्रेम छ

हे परमात्मा ! मेरो तिमीप्रति पनि प्रेम रह्यो; तिम्रो संसार, शरीर यी सबै सृजना, मान्छेप्रति पनि उत्तिकै प्रेम रह्यो । तिमीलाई प्रेम गर्नु र तिम्रो सृजनालाई प्रेम गर्नु एकै ठहर भयो; त्यसैले मैले मनुष्यलाई प्रेम गरेँ, ममता दिएँ, शरीर र संसारलाई प्राथमिकता दिएँ, तर त्यहाँबाट चोट आयो । यो सृजना नश्वर रहेछ; माया नदिँदा पनि नहुने दिँदा पनि नहुने; शान्ति र सुख नहुने किनभन्दा तिमी मात्र अखण्ड रहेछौं; यो दुनियाँ त सबैखण्ड, नाशवान्, घाम-छायाँ, रामछाँया, जस्तो रहेछ; के गर्नु हुने के नहुने, द्वन्द्व रहेछ; यो दुनियाँ आफैंबाट निर्धारित सञ्चालित हुने हो कि वा तिमीबाट यो पनि द्वन्द्व रहेछ । अज्ञातमा रहेछ; यो लीला नै अज्ञातको बाहक हो कि ? वा पूर्व निर्धारित तिम्रो लीला हो वा योजना मलाई थाहा भएन; थाहा नभएको वाक्य व्यक्त गर्दै छु । यो सबै कसलाई थाहा छ ? यो पनि अनविज्ञ छु ।

# Come बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Come to = आइपुग्नु It takes time to come to conclusion अन्त्यसम्म आइपुग्न अझै समय लाग्छ ।

Come from = बाट आउनु He comes from a rich family उ धनी परिवारबाट आएको हो ।

Come into = पस्नु He knocked the door before coming into the room कोठामा पस्नुअघि उसले ढोको ढकढकायो ।

Come for = लागि आउनु He has come home this time for Dasai यसपटक ऊ दशैंको लागि घर आएको हो ।

Come with = सँगै आउनु Do you come with us to eat this evening together? आज बेलुकी हामी सँगसँगै खाना खान आउँछौं तिमी ?

Come since = पछि आउनु । देखि आउनु We have come fiffty kilometers since lunch दिउँसोको खानापछि हामी ५० किलोमिटर बढी आइसक्यौं ।

Come as = रुपमा आउनु His resignation came as a surprise for all of us उसको राजीनामा हामी सबैलाई आश्चर्यको रुपमा आयो ।

Come in = मा आउनु Do these shoes come only in three sizes? के यी जुत्ताहरु तीन साइजमा मात्रै आउँछन ?

Come over = चक्कर लाग्नु I suddenly came over and had to lie down मलाई अकस्मात चक्कर लाग्यो र म पल्टिहालें ।

Come to oneself = होसमा फर्किनु After three days in coma, she came to herself again तीन दिन बेहोस भएपछि तिनी फेरि होसमा फर्किन् ।

## सुडोकु-अंक ९५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ३ | | | | | | | २ |
| | ७ | | | | | | | |
| | | ९ | | ६ | २ | | | ५ |
| ४ | | | | ७ | ८ | | | ६ |
| | | ८ | ६ | | ५ | ९ | | |
| ५ | | | ३ | ९ | | | | १ |
| ३ | | | ८ | ४ | | ६ | | |
| | | | | | | | ३ | |
| ९ | | | | | | | ५ | ७ |

## अंक ९४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | ४ | ६ | ८ | २ | ९ | ५ | ३ |
| ३ | २ | ५ | ७ | ४ | ९ | ८ | ६ | १ |
| ९ | ८ | ६ | ३ | १ | ५ | ४ | २ | ७ |
| १ | ७ | २ | ८ | ५ | ६ | ३ | ४ | ९ |
| ६ | ३ | ८ | १ | ९ | ४ | २ | ७ | ५ |
| ५ | ४ | ९ | २ | ३ | ७ | १ | ८ | ६ |
| २ | ५ | १ | ९ | ६ | ८ | ७ | ३ | ४ |
| ४ | ९ | ७ | ५ | २ | ३ | ६ | १ | ८ |
| ८ | ६ | ३ | ४ | ७ | १ | ५ | ९ | २ |

# संस्थाद्वारा सञ्चालित विविध कार्यक्रमहरु









कार्यक्रममा मन्तव्य राख्दै संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकाल







चेक बुझ्दै संस्थाका कोषाध्यक्ष





**सातौ चरणको जीवनोपयोगी सीप तालिममा किशोरकिशोरीहरु**

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ ।

बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा भइरहेको छ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । यसैगरी ग्राम शिक्षा मन्दिर उच्च माध्यामिक विद्यालयका २४ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो । उक्त तालिम सञ्चालनका लागि लाग्ने खर्चको ५० प्रतिशत लागत रकम सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा बाल विकास समाजको आयोजनामा जीवनोपयोगी सीप तालिम सञ्चालन गरिएको हो ।

तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए । दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ ।

बाल विकास समाजको आन्तरिक स्रोतबाट सञ्चालित यो कार्यक्रमलाई यो वर्ष सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । संस्थाका तालिम अधिकृतको सहजीकरणमा सञ्चालित तालिम अहिले सातौ हप्ता सम्पन्न भएको छ । तालिममा सहभागीहलाई जीवनउपयोगी सीपको सम्झौता गर्ने सीपका बारेम छलफल गराइएको थियो । सम्झौता गर्ने सीपले किशोरकिशोरीहरुहरुको जीवनमा कती महत्व राख्छ र उक्त सीपले उनीहरुको दैनिकीमा कस्तो किसिमको प्रभाव देखिन्छ भन्ने सवालमा व्यापक रुपमा छलफल गराइएको थियो ।

**सिटिजन बैंकद्वारा संस्थामार्फत छात्रवृत्ति सहयोग तथा अन्तरक्रिया**

बाल विकास समाजको कार्यक्रममध्ये छात्रबृत्ति कार्यक्रम पनि एक हो । शैक्षिक वर्ष २०७४ मा संस्थाले विभिन्न संघ संस्था तथा शुभचिन्तकहरूसँग सहकार्य गरी ११७ जना बालबालिकाहरूलाई औपचारिक शिक्षाका लागि छात्रवृत्ति सहयोग गरिरहेको छ । संस्थाले विभिन्न २ वटा जिल्लाका १४ वटा सामुदायिक विद्यालयमा यस प्रकारको सहयोग गरिरहेको छ ।

यसैगरी बालबालिकालाई छात्रबृत्ति प्रदान गर्ने संघसंस्थामध्ये सिटीजन बैक पनि एक हो । बाल विकास समाजले सिटीजन बैकसंग विगत ५ वर्षदेखि सहकार्य गर्दे आइरहेको छ । यसै सिलसिलामा शैक्षिक सत्र २०६९ देखि नै सिटिजन बैंकले बाल विकास समाजमार्फत १० जना बालबालिकालाई छात्रबृत्ति प्रदान गर्दे आइरहेको छ र यसरी छात्रबृत्ति प्रदान गर्दे जाने क्रममा १० जना बालबालिकाबाट शैक्षिक सत्र २०७४ मा १३ जना बालबालिकालाई छात्रबृत्ति प्रदान गरेको थियो ।

शैक्षिक सत्र २०७५ को लागि १३ जना बालबालिकाबाट बढाएर १५ जना बालबालिकालाई छात्रबृत्ति प्रदान गर्ने निर्णय अनुसार चैत्र ७ गते बुधबारका दिन सिटीजन बैकको आयोजनामा बाल विकास समाजको भवनमा चेक हस्तान्तरण तथा बालबालिकासंग अर्न्तकृया कार्यक्रम सम्पन्न गरियो । जसमा बाल विकास समाजका अध्यक्ष सुवास गौतम, कोषाध्यक्ष सुरेन्द्र ढकाल, बाल विकास समाजका कर्मचारी तथा सिटिजन बैकको तर्फबाट बैकका सि ई ओ राजन सिंह भण्डारी र बैकका कर्मचारीहरु अमित झा, नितिका घिमीरे, उमंग शर्माको उपस्थिती रहेको थियो साथै बालबालिका, अभिभावक, स्वयंसेवक सहित गरि ११५ जनाको उपस्थिीती रहेको थियो ।

सुरुमा उपस्थिीत सबैलाइ आसन ग्रहण गराईयो आसन ग्रहण पश्चात अतिथीलाई खादालगाई स्वागत गरियो त्यसपछि राष्ट्रिय गान बजाई कार्यक्रमको शुरुवात गरियो । शुरुमा कार्यक्रमको बारेमा जानकारी तथा स्वागत मन्तव्यको क्रममा बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले उपस्थिीत सबैलाई स्वागत गर्दे छात्रबृत्ति कार्यक्रमको बारेमा विस्तृत रुपमा जानकारी गराउनु भएको थियो ।

मन्तव्य पश्चात सिटिजन बैकले छात्रबृत्ति प्रदान गर्दे आएको यज्ञमती माविमा कक्षा १० मा पढ्ने छात्रा बुनु तामाङ्गले आफ्नो विचार राख्दै आफुलाई सिटिजन बैकले छात्रबृत्ति प्रदान गरेको कारण पढन पाएको र हाल यस अवस्थामा आएको कुरा राखेकी थिईन् । त्यसैगरी कार्यक्रममा छात्रबृत्ति अर्न्तगतका बालबालिकाले आफ्नो प्रतिभा पनि देखाएका थिए कसैले कविता कसैले जोक्स भनेका थिए भने ३ जना बालबालिकाहरुले आफ्नो नृत्य पनि प्रस्तुत गरेका थिए ।


बालबालिकाको प्रतिभा प्रस्तुती पश्चात सिटिजन बैकको तर्फबाट चेक हस्तान्तरण गरियो चेक १५ जना सुविधाविहिन बालबालिकाको छात्रबृत्तिको लागि थियो भने चेकको रकम १५०,००० (एक लाख पचास हजार) थियो । चेक हस्तान्तरण पश्चात सिटिजन बैकका सि ई ओ राजन सिंह भण्डारीले बालबालिका तथा बाल विकास समाजलाई शुभकामना दिदै बाल विकास समाजले गरेको कामको अगाडि आफुले अहिले सम्म केहि पनि काम गर्न नसकेको बताउनु भयो ।

हामीले अहिलेसम्म आफ्नो वा आफ्नो परिवारको मात्र मायामा अल्मलिएका रहेछौ अरुको लागि केहि गर्न सकेको छैनौ रहेछ भन्ने कुरा आज मलाई यस बाल विकास समाजमा आएर बाल विकास समाजको काम देखेर थाहा पाएको कुरा व्यक्त गर्नु भयो ।

आफनो मन्तव्यको क्रममा बैकका सि ई ओ ले हामीले जनतालाई धनी बनाई दिने हैन धनिबन्ने तरिका सिकाउने कुरा पनि बताउनु भयो र बाल विकास समाजलाई भोलीको दिनमा पनि सहयोग गरिरहने प्रतिबद्धता गर्दे आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको अन्त्यमा बाल विकास समाजका अध्यक्ष सुवास गौतमले आफ्नो मन्तव्य राख्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

**प्रस्तुति : गोविन्द वि कररञ्जना गौतम**

## ग्रेटर नेपालको पक्षमा...




मान्नुपर्छ । सचेत देशभक्त मञ्च युवाहरुकै नेतृत्वमा बनेकाले यसले छुट्टै जागरुकता ल्याउन सक्नेमा कुनै दुईमत छैन । ग्रेटर नेपाल पक्षधर सम्पूर्ण देशभक्तहरु एकै मञ्चमा उभिँदा अथवा मोर्चाबन्दी गरेर अघि बढ्दा त्यो झनै शक्तिशाली बन्ने निश्चित छ । भारतले सुगौली सन्धिमा हडपेको भूभागबाहेक मेचीकाली सीमाभित्रको पनि ठूलो परिमाणमा नेपाली भूमि अतिक्रमण गरिरहेको छ । पश्चिममा कालापानीदेखि सुस्ता हुँदै तराईका विभिन्न जिल्लामा र पूर्वमा इलामसम्म नै सीमा अतिक्रमण गरेको छ । नेपाली भूमिको रक्षाका लागि सम्पूर्ण देशभक्त जनता जाग्नैपर्ने हुन्छ । सचेत देशभक्त मञ्चले चैत २४ गते काठमाडौंको टुँडिखेलमा विशाल प्रदर्शन गर्दै मानव सागरले विशाल नेपालको नक्सा निर्माण गर्ने कार्यक्रम आयोजना गरेको छ । उक्त मञ्चले कार्यक्रममा सहभागिता जनाउन सबै जनतामा अपिल गरेको छ । 'सुगौली सन्धिपूर्वको नेपाली भूमि फिर्ता गर । मिचिएको भूमि फिर्ता गर । वैदेशिक हस्तक्षेप अन्त्य गरौं' जस्ता नारा मञ्चले अघि सारेको छ ।

## राष्ट्रनिर्माता...

प्रधानसेनापतिले आरोही शेर्पालाई सगरमाथा सफल आरोहणका लागि शुभकामना पनि दिएका थिए । पृथ्वीनारायण शाहको पूर्ण कदको सालिकको प्रतिमूर्ति सेनाका प्युठ माधव पौडेलले निर्माण गरेका हुन् ।

## कर्मचारी दरबन्दी...

तहका लागि कर्मचारी दरबन्दीको संख्या निर्धारण गरेको बताएका छन् । मन्त्रिपरिषद् बैठकले स्थानीय तहको सेवाप्रवाहसम्बन्धी विधेयक पनि पास गरेको छ । त्यसैगरी केन्द्रमा रहने २१ मन्त्रालयका कर्मचारी दरबन्दीमा समेत फेरबदल गरी मन्त्रिपरिषद्ले नयाँ दरबन्दी पारित गरेको छ । यसअघि मन्त्रालयमा रहेका ३ हजार २ सय साठी कर्मचारी संख्या कटौती गरी २ हजार ६ सय ५४ कायम गरिएको छ ।

मन्त्रिपरिषद् बैठकले सार्वजनिक बिदासमेत कटौती गर्ने निर्णय गरेको छ । २०७५ सालमा साविकभन्दा १२ दिन कम सार्वजनिक बिदा हुनेछ । कटौती गरिएका बिदामा गणतन्त्र दिवस, लोकतन्त्र दिवस, सहिद दिवस, गणतन्त्र दिवस, राष्ट्रिय एकता दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस रहेका छन् । अब यस्ता दिवसहरुमा समारोह भए पनि बिदा दिइने छैन । त्यसैगरी दसैंको घटस्थापना, द्वादशी र कोजाग्रत पूर्णिमाको बिदा पनि काटिएको छ । त्यस्तै रामनवमी, कृष्णाष्टमी, जनैपूर्णिमा, ऋषिपञ्चमी जस्ता पर्वका बिदा पनि काटिएका छन् । अब ५२ वटा शनिबार र अन्य बिदा १६ दिनसहित ६८ दिन मात्र बिदा हुनेछ । सार्वजनिक बिदा धेरै भएकोमा चौतर्फी आलोचना भइरहेको अवस्थामा अनावश्यक बिदा कटौती गरेर सरकारले राम्रो निर्णय गरेको छ ।

## ओलीलाई पनि...

थिइन् । नेपाललाई आफ्नो ग्रिपदेखि उम्कन नदिन भारतीय प्रयास पछिल्लो चरणमा तीव्र रुपले वृद्धि भइरहेको छ । प्रधानमन्त्री ओलीको आसन्न भारत भ्रमणकै सन्दर्भलाई लिएर 'नेपाल-भारत प्रबुद्ध समूहका भगतसिंह कोस्यारीले भनेका छन्- 'ओलीजी व्यक्तिगत रुपमा मेरो र भारतका असल मित्र हुनुहुन्छ । उहाँलाई भारतले न्यानो स्वागत गर्नेछ । उहाँले आम रुपमा अपेक्षा गरिएको स्थिर सरकारको नेतृत्व गर्नुभएको छ । नेपालको शान्ति, विकास र स्थायित्वमा भारतको सहयोग हुनेछ । उहाँको भ्रमणपछि सम्बन्धमा थप न्यानोपन आउनेछ र सम्बन्ध प्रगाढ बन्नेछ ।'

प्रधानमन्त्री ओलीले पहिलोपल्ट प्रधानमन्त्री हुँदा ५ दिने भारत भ्रमण गरेका थिए । उनले ०७२ फागुन ७ देखि ११ सम्म गरेका थिए भने अहिलेको भ्रमण तीन दिन मात्र हुने कार्यतालिका रहेको छ । परराष्ट्र मन्त्रालय अन्य मन्त्रालयहरुसँग समन्वय गरी प्रधानमन्त्रीको भ्रमणको कार्यसूची बनाउन तल्लीन छ । भारतले अल्झाउँदै आएको पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको समस्या समाधान गरेर अघि बढाउने, अरुण तेस्रो जलविद्युत आयोजना अघि बढाउने, पूर्व पश्चिम रेलमार्ग, अन्तर्देशीय विद्युत प्रसारण लाइन निर्माण लगायतका विषयमा दुईपक्षीय छलफल हुनेछ । भारत विगतको तीतोपनालाई बिर्सिएर सम्बन्ध सुधारको प्रयासमा लागेको छ । विगतमा जस्तो नेपालमा अब सत्ताको खेल सहज छैन । सत्ता राजनीतिभित्र छिरेर आफू अनुकूल सरकार ल्याउने र आफ्नो हित नचाहनेलाई ढाल्ने जस्तो पुरानो खेलको सिलसिला रोकिएको अवस्थामा भारतले त्यही अनुरुपको सम्बन्ध विकास गर्न चाहेको छ । ओलीलाई प्रभावित पार्न दिल्लीले कुनै कसर बाँकी नराखी आतिथ्य प्रदान गर्नेछ ।

नेपालका प्रधानमन्त्री जोसुकै बने पनि भारतमा दौडिएर जानैपर्ने अवस्थाको अन्त्य गर्न केपी पनि असफल बने । उनले प्रधानमन्त्री बन्नेबित्तिकै आफू विदेश भ्रमणमा जानेभन्दा पनि विदेशीलाई नै नेपाल भ्रमण गराउने भनेका थिए । त्यसैगरी परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले पनि छिमेकी मित्रराष्ट्रबाट उच्चस्तरीय भ्रमण हुने संकेत गरेका थिए । तर निमन्त्रणा पाउनेबित्तिकै भारततर्फ दौडिएर ओलीले पनि पुरानो परम्परा धान्ने प्रयास गरेका छन् । कतिपयले दिल्ली दरबारमा दाम चढाउन जाने भनेर पनि प्रधानमन्त्री हुनेबित्तिकैको दिल्ली दौडाहालाई आलोचना गर्ने गरेका छन् । दिल्ली दौडिनेबित्तिकै कुनै उपलब्धि हासिल हुने होइन । भारतले नेपालको प्राकृतिक सम्पदामाथि गिद्देदृष्टि राख्दै आएको छ । ठूला नदीनाला हत्याउने, पानीको एकलौटी उपभोग गर्ने, सीमामा ड्याम बनाएर नेपाली भूभाग डुबाउने, सीमा अतिक्रमण गर्ने, नेपाली कृषिजन्य उत्पादन अदुवा, अलैंची, जुट निकासीमा अवरोध खडा गर्ने, नेपाली ग्यास बुलेट भारतमा जान नदिने, भूपरिवेष्ठित मुलुकको अधिकारका रुपमा रहेको पारवहन सुविधामा अवरोध खडा गर्ने लगायतका मिचाहा पेलाहा नीति लिँदै आएको छ । यस बारेमा भारत सचिएको खण्डमा मात्र ओलीको भ्रमणले नेपाल-भारतबीच सद्भाव बढाएको ठहर्छ । अन्यथा नेपालका प्रधानमन्त्रीलाई दिल्लीमा झुकाउने प्रयासमा भारत सफल बन्नेछ ।

## महाकालीमा...

खोजेका थिए । पुल निर्माणमा माथिको आदेश छैन भन्दै भारतीय सुरक्षाकर्मीले अवरोध गरे । भारतीयले आफूखुसी बनाउने तर नेपालीलाई रोक लगाउने भन्दै त्यही झोंकमा त्यहाँका स्थानीयले मंगलबार भारतीयले बनाएका पुल फालिदिएका थिए । यसैबीच जिल्ला सुरक्षा समिति दार्चुलाले उक्त क्षेत्रमा पछिल्लो गतिविधिबाट तनाव उत्पन्न हुन सक्ने विश्लेषण

नियात्रा

# बेलायतको सेरोफेरो-१९

खोमदत बराल



२०६८/०४/१०

आज असिम बाबुको एमइको दीक्षान्त समारोह । रोचेस्टर क्याथेड्रल जानु छ । विहानै देखि उमाजी खाना पकाउन भान्सामा जुटेकी छिन् । छोरी काममा गइ सकिन । असिम बाबु आफनै कम्प्यूटरमा रमाइ रहेका छन् । आफूलाई लण्डनमा देखे भोगेका विषयहरु शब्दहरुमा उतार्न कोशिष गर्दैछ । आँखाले देखेको कुरा भाषामा ठ्याकै उतार्न कठीन हुँदो रहेछ । अभ्यास्त लेखकहरु जस्ताको तस्तै आकर्षक भाषामा उतार्दा पनि हुने भाषाजीवन्त बनाउँन सिप नै चाहिन्छ होला । सिपको निखार निकाल्न निरन्तर अभ्यास पनि आवश्यक पर्छ । अनाभ्यासे विषे विद्या पनि भन्छन् । साचो मन ध्यान दिएर अभ्यास गर्न नसके विद्याले आर्जन गर्न सक्दैन । ज्ञानलाई ज्यानमा भिजाएमा मात्र स्वादिलो प्रतिफल पाउन सकिन्छ ।

टिकट काटिसकिएको थियो । ट्रेन टेसन तिर लागियो । उलिच ट्रेन टेसन पुग्न पाँच मिनेट पनि लाग्दैन । गइयो । सधैं ओष्टरकार्डले बाटो खोल्नु पर्थ्यो । आज टिकट काटिउकोले खोलिएको बाटो बाटै टेसन भित्र पस्न पाइयो । सधै लण्डन व्रिज तिर जाँदा एक नम्बर प्लेट फर्मबाट पूर्व तिर लाग्नु पर्थ्यो । आज भने दुइ नै गेटबाट पश्चिम तर्फ जानु पर्‍यो । ठ्याप्पै तोकिएको समय १:०९ मिनेटमा ट्रेन आइ पुग्यो । चढि हालियो । यो ठूलो प्लेट फर्म होइन । यात्रु उत्रन र चढ्न मात्र ट्रेनले आफूलाई नचलाइ राख्छ ।एक सेकेण्ड पनि तोकिएको समय भन्दा बढी बस्दैन । सायद हाम्रो खेलखलमा भने जस्तै राजाले पनि रोक्न सक्दैन । हामी पनि ट्रेनको ज्यानमा चढेर असिम बाबुको दीक्षान्ट समारोह हुने स्थान रोचेष्टर तर्फ लाग्यौ । बीस पच्चिस टेसन पार गरेर करिव एक घण्टामा रोचेष्टर पुगियो । हामी बसे नजिकैको ट्रेनको गेट नचल्ने भएको रहेछ । एकछिन खोल्ने प्रयास गरियो । खुलेन । अर्को गेटमा कुद्दै गएको भण्डै ढिलो भएछ । ओर्लन भ्याउँदा नभ्याउँदै ट्रेनले आफ्नो बाटोमा तुफानी यात्रा बढायो । हामी पनि ओर्लन सक्यौ । विस्तारै दीक्षान्त स्थल रोचेष्टर तर्फ पाइला अगाडि बढायौ । यो ग्रीन वीच युनिभर्सिटीमा ३७ हजार विद्यार्थी रहेछन् । भाइस चान्सलरको प्रतिवेदनमा बताइएको थियो । धेरै फ्याकल्टीको कन्भोकेसन आजै रहेछ । नेपाली भाइ बहिनीहरु पनि धेरैले माष्टर स्तरको दीक्षान्त समारोहमा उपस्थित थिए ।

एकै दिनमा धेरै समूह बनाएर विहानै देखि दीक्षान्त समारोह मनाइएको रहेछ । असीम बाबुको बेलुकाको समूहमा तीन पचास देखि रहेछ । यो ठाउँ निकै चिसो ठाउँ रहेछ । दिनभर हावा चल्दै रह्‍यो । घुमिउको दिन । घाम देख्न नक्सा नै हेर्नु पर्ने भयो । खुल्ला चौरमा घुम्दै विताइयो । यहाँ पनि पुरानो युद्ध किल्ला क्यासलहरु रहेछन् । वास्तवमा प्राचिन कालिन नेपालको मल्ला कालिन समयमा युद्ध भूमिकै रुपमा रहेछ । जुनसुकै सानातिना शहर बजारमा पनि युद्ध किल्ला बनाएर समामन्तहरुले आफूलाई सुरक्षित बनाइ राख्न सिकेका रहेछन् । रोचेष्टर बजार सानै छ । यहाँका सामन्तले आफूलाई बाचय राख्न भने दक्षिणतर्फ एउटा युद्ध किल निकै अग्लो पारेर बनाएको छ । किल्ला भग्नवशेष्का रुपमा उराठलाग्दो पाराले खडा रहेछ । कायिुको युद्ध किल्ला भने जिर्णोद्धार गरेर कुनै कुनै ठाउँमा हेर्न मात्र सक्ने गरेर संरक्षण गरी राखेको थियो भने यहाँ चाहि लथालिंग पाराले वेवारिस बनाएर छोडेको रहेछ ।

छोरीको दीक्षान्त समारोह कार्डिफमा भने निकै राम्रो भव्य भवनमा भएको थियो । सातौ तलासम्म प्रशस्त अभिभावक पाहुनाहरुलाई बस्ने व्यवस्था गरेको थियो । घुमाउने घरको सातौ तलासम्मबाट सबैले उत्तिकै सहज पाराले मञ्चको कार्यक्रम देख्न पाइने । भित्र पस्ने ढोकाहरु पनि प्रशस्त भिडभाड कतै भएन । रोचेष्टरमा भने व्यवस्थापकीय कमजोरी र हल पनि साँची नै हल जस्तै भएकोले एउटै ढोकाबाट विद्यार्थी र पाहुनाहरुबाट ठेलमठेल गरेर भित्र पस्नु पर्ने अवस्था भएको । िविद्यार्थीहरु छेउछाउमा बसेर वीचमा पाहुनाहरु बस्ने व्यवस्था भूइमा चिसो ढुंगा विछ्याएको । धेरै जना बन्द कोठामा बस्नु पर्दा जाडो नहुनु स्वभाविक मत्र हो । भित्रै पनि चिसो थियो ।

जसोतसो दीक्षान्त समारोह समापन भयो । दिसापिसाब गर्ने ठाउँ पनि झण्डै पाँच मिनेटको यात्रा तय गर्नु पर्ने । टाडा भएकोले धेरै स्वयमसेवकलाई सोधेर मात्र टुंगोमा पुग्न सकिने । लेखेर देखाइने व्यवस्थ ागर्न पनि आयोजकहरुमा नसुझेको देखदा बेलायती व्यवस्थापनको ज्ञान कमि नै देखियो । दीक्षान्त समारोहको समापन पछि चौरमा टाँगेको पालमा रिफ्रेसरको लागि चिसो तातो तरल पदार्थको व्यवस्था रहेछ । *क्रमशः*

गर्दै सशस्त्र प्रहरीको एक टोली त्यसतर्फ पठाएको छ । नेपाली सेनाको एक टोली पनि त्यसै क्षेत्रमा रहेको छ । भारतीय थिचोमिचोविरुद्ध सरकार चुप लागे पनि अब जनता आफैं सचेत भएर विरोधमा उत्रिन थालेका छन् । यसअघि कञ्चनपुरको पुनर्वास र सप्तरीको तिलाठीमा पनि भारतीयको अत्याचारविरुद्ध जनता आफैं उठेका थिए । अहिले भारतीयले एकपक्षीय ढंगमा बिनास्वीकृति निर्माण गरेको पुल फ्याँकेर जनताले प्रशंसनीय काम गरेका छन् । भारतीयको अत्याचारविरुद्ध जनता नजागी सुखै छैन ।

## एमाले-माके...

संगठनको ढाँचा विधानमा व्यवस्था गरिएको छ । कमिटीको संरचना १० तहको हुनेछ । प्रदेश, जिल्ला, महानगर, उपमहानगर, गाउँपालिका स्तरसम्म कमिटी विस्तार हुनेछन् । प्रदेश कमिटी १५१ सदस्यीय र ७५ सदस्यीयसम्मको जिल्ला कमिटी र निर्वाचन क्षेत्र समन्वय समितिको व्यवस्था समेत विधानमा गरिएको छ ।

यसैगरी केन्द्रीय कमिटी र पार्टीको कार्यकारी पदमा रहन ७० वर्षको हदबन्दी नलाग्ने व्यवस्था विधानमा गरिएको छ । एकताका लागि केही विषयहरु भने विधानमा टुंग्याउन बाँकी रहेका छन् । जनयुद्ध भन्ने शब्द प्रस्तावनामा राख्ने कि नराख्ने, त्यसैगरी चुनाव चिन्ह सूर्य राख्ने कि सूर्यभित्र हँसिया हतौडा पनि राख्ने अनि दुई पार्टीबीच पदीय बाँडफाँडको अनुपात कसरी मिलाउने भन्ने विषय टुंगिसकेको छैन । माओवादी अध्यक्ष प्रचण्डले पचास प्रतिशतको दाबी सार्वजनिक ठाउँमा बोल्दै राखिसकेका छन् । निर्वाचनमा प्राप्त गरेको हैसियतको आधारमा पदीय बाँडफाँड पनि हुनुपर्छ भन्ने एमालेको भनाइलाई माओवादीले स्वीकार्दा आफ्ना थुप्रै नेताहरुको व्यवस्थापन असहज हुने भएकाले सकेसम्म बार्गेनिङ गर्ने पक्षमा माओवादी देखिन्छ । साइज घटाउने र बढाउनेबीचको रस्साकस्सीले एकता प्रक्रिया तन्किन सक्ने देखिन्छ । प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणपूर्व नै एकताको टुंगो लगाउने भनिए तापनि भारत भ्रमणअगाडि सम्भव नहुने भएको छ । अब एकता संयोजन समितिले विधानका विषयहरुको पुनरावलोकन गरेर आवश्यक हेरफेर संशोधन गरी अन्तिम रुप दिएपछि पार्टी एकता घोषणा प्रक्रिया अघि बढ्ने मस्यौदा समितिका सदस्यहरु बेदुराम भुसाल र जनार्दन शर्मा बताउँछन् ।

## पीडादायी बन्दै...

गरिसकेका छन् । वैदेशिक रोजगारीले दिने ठूलो पीडाबाट म्याग्दी जिल्लाको दुर्गम गाउँ मालिका गाउँपालिकाको रुम गाउँका रोका मगर परिवार मर्माहत बनेका छन् । हालै मात्र आफ्ना लक्का जवान २८ वर्षीय छोरा धर्मलाललाई गुमाएर ८० वर्षीय पिता धनबहादुर रोकामगर र ७५ वर्षीय आमा लीलामति गहिरो शोकमा डुबेका छन् । दशैंमा मलेसियाबाट घर फर्केर विवाह गर्ने तयारीमा रहेका छोरा धर्मलाल काठको बाकसमा प्याक भएर फर्किएका छन् । उक्त परिवारले यसअघि पनि दुई पटक यस्तै बज्रपात झेलेर दुई जना जवान छोरा गुमाइसकेका थिए । १२ वर्षअघि माइला छोरा भक्तबहादुरको कतारमा र जेठा छोरा तमबहादुरको १० वर्षअघि मलेसियामा मृत्यु भएको थियो । बाबुआमाका सहाराका रुपमा रहेका धर्मलालको समेत मृत्यु भएपछि झनै ठूलो बज्रपात पर्न गएको छ । रोकामगर परिवारका चार छोरामध्ये अब साइला थमबहादुर मात्र बाँकी रहेका छन् । उनकै टाउकामा वृद्ध बुबाआमा र सम्पूर्ण परिवारको दायित्व आइपरेको छ । वैदेशिक रोजगारका क्रममा मृत्यु भएका तीनै जना दाजुभाइको एकै प्रकृतिले सुतेकै ठाउँमा मृत्यु भएको थियो । यो दुःखद घटनाले सिंगो रुम गाउँलाई नै शोक मग्न बनाएको छ ।

यसैबीच वैदेशिक रोजगारमा ठगीका घटनाहरु पनि वृद्धि भइरहेका छन् । महानगरीय प्रहरी अपराध महाशाखाको तथ्यांकअनुसार पछिल्लो तीन वर्षमा म्यानपावर कम्पनी तथा कन्सल्टेन्सीले ठगेको आरोपमा झन्डै एक अर्बको बिगो दाबीसहित उजुरी परेका छन् । ०७२।०७३ देखि चालू आर्थिक वर्षको फागुनसम्म ८७ करोड ३४ लाख १९ हजार ४ सय रुपैयाँ म्यानपावरतर्फ र कन्सल्टेन्सीले ठगी गरेको ३ करोड ९१ लाख १५ हजार ६ सय बिगो दाबीसहित उजुरी परेका छन् ।

## बालबालिका र...

पढ्दा र तस्बिर हेर्दा आङसिरिङ हुन्छ भने आमा पनि यति निर्दयी हुँदारहेछन् भनेर पत्याउन समेत गाह्रो हुन्छ । सरला पौडेल नामकी ३२ वर्षीय स्नातक महिलाले आफ्नो ६ वर्षीय छोरालाई तातो आइरनले शरीरभरि डामेर पासविक ढंगको यातना दिएकी छन् । स्थानीय अन्नपूर्ण एकेडेमीमा अध्ययनरत बालकको शरीरभरि निलडाम देखेर शिक्षकले सोधखोज गर्दा बालकले आफ्नै आमाले आइरनले डामेको र पटक पटक ज्यान मार्ने धम्की दिएको पोल खोलेका छन् । विद्यालयले बालकका पिता काठमाडौं बस्दै आएका विक्रमलाई जानकारी गराएपछि विक्रमले सरलाविरुद्ध जाहेरी दिएका छन् भने पीडक आमा सरला ज्यान मार्ने उद्योगको अभियोगमा प्रहरी हिरासतमा पुगेकी छन् ।

यसैगरी बाँकेको कोहलपुरमा १० वर्षीया बालिका बलात्कृत भएकी छन् । कोहलपुरमै ६ वर्षीय बालिकाले पानी तान्ने पम्प बिगारेको अभियोगमा बालिकालाई ५० वर्षीय गीता परियारले गोबर खुवाएर दुर्व्यवहार गरेकी छन् । यी दुवै घटनाका आरोपीलाई प्रहरीले पक्राउ गरेको छ । बालिका बलात्कारमा ३० वर्षीय थमबहादुर थापा संलग्न भएको आरोपमा प्रहरीले पक्राउ गरेको छ । पूर्वी चितवनको खैरेनीकी १० वर्षीय बालिका पनि बलात्कृत भएकी छन् । चैत ११ गते दिउँसो घरमा एक्लै सुतेको समयमा आफ्नै साथीहरु आएर बलात्कार गरेका थिए । घटनामा संलग्न भनिएका बालकहरु पनि १० वर्षीय नै रहेको प्रहरीले जानकारी गराएको छ । बालिकाको उपचार भइरहेको र स्वास्थ्य जाँचको रिपोर्ट आइसकेको छैन । सुर्खेत बाबियाचौरमा एसईई परीक्षा दिँदै गरेकी १८ वर्षीया छात्रा गोरिकला रोकायाको बलात्कारपछि हत्या गरेको र उक्त प्रकरणमा ट्राफिक प्रहरीसमेत संलग्न भएको विषय अत्यन्तै गम्भीर रहेको छ । उक्त हत्याकाण्डमा प्रहरी जवानसहित तीनजना पक्राउ परेका छन् ।

प्रहरीका अनुसार छात्रा बलात्कार र हत्यामा बाबियाचौरमा कार्यरत ट्राफिक प्रहरी जवान हरि कोइराला, पञ्चपुरी ८ माझीगाउँका २८ वर्षीय खुमप्रसाद बास्तोला र उनका भाइ २० वर्षीय लक्ष्मीप्रसाद बास्तोला संलग्न रहेको पाइएको छ ।

यस्तै आमाको उपचार गर्न आएकी युवती नक्कली डाक्टरबाट बलात्कृत भएको समाचार प्राप्त भएको छ । काठमाडौं गंगालाल अस्पतालमा आमाको उपचार गर्न आएकी २३ वर्षीय युवती नक्कली डाक्टरबाट बलात्कृत भएकी छन् । ती युवतीलाई आफू पनि डाक्टर भएको बताउँदै पाल्पा तानसेन-११ घर भई हाल काठमाडौं-२६ बस्दै आएका २७ वर्षीय अर्जुन कोइरालाले बलात्कार गरेको काठमाडौं प्रहरी परिसरले जनाएको हो । ती महिलालाई आमाको उपचारमा सहयोग गर्छु भनेर झुक्काएर सामाखुशीस्थित आफ्नो सानी आमासँग भेटघाट गर्न भनेर मित्रनगरस्थित फूलबारी गेष्ट हाउसमा लगेर जबरजस्तीकरणी गरेको महानगरीय प्रहरी वृत्त, महाराजगञ्जमा जाहेरी परेपछि उनलाई प्रहरीले पक्राउ गरेको हो ।

यी त केही घटना मात्र भए । बालबालिकामाथि मुलुकभर नै यस्ता जघन्य प्रकृतिका हिंसात्मक घटना दिनहुँ घटिरहेका छन् । अपराध दिनहुँ बढ्दै जानुको पछाडि के कस्ता कारणहरु जिम्मेवार छन् । दण्ड सजायका प्रचलित ऐन, कानुनहरु अपर्याप्त र कमजोर छन् कि यसतर्फ पनि गम्भीर खोजबिन हुन आवश्यक छ । त्यसैगरी यस्ता जघन्य अपराधका दोषीहरुलाई मेलमिलापको नाममा उन्मुक्ति दिने प्रचलनले पनि अपराध कर्ममा संलग्न हुनेलाई प्रोत्साहित गरिरहेको छ ।

## संसदमा राष्ट्रपतिको...

सञ्चालन गरेका गाथाको स्मरण गर्दै सहिदप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु ।'

सम्बोधनका क्रममा उनले समृद्धिको लागि एकताबद्ध भएर अघि बढ्न आह्वान गरिन् । संविधानले सबैका लागि समान अधिकार र समान अवसरको ग्यारेन्टी गरेको भन्दै समृद्धिको यात्रातर्फ अग्रसर हुनुपर्नेमा उनले जोड दिइन् । चुनावमार्फत जनताले वाम गठबन्धनलाई परिवर्तनका लागि मत दिएको स्मरण गर्दै विकासको फलमा सबैको न्ययायोचित अधिकार हुनुपर्ने र त्यसका लागि सबै एकताबद्ध भई अघि बढ्नुपर्ने उनको भनाइ थियो । शिक्षामा यथोचित ध्यान पुग्नुपर्ने भन्दै राष्ट्रपति भण्डारीले छिमेकीसँग मित्रवत भावनाले अघि बढ्न आग्रह गर्दै समृद्धिका लागि सहकार्य आवश्यक छ भनिन् । अहिलेको समय समृद्धिको सपना साकार पार्ने समय हो, उनले सम्बोधनमा भनेकी छन् ।

## धूम्रपान...

क्यान्टिनबाट खुलेआम चुरोट तथा सुर्तीजन्य पदार्थहरु बिक्रि वितरण भइरहेको उल्लेख गर्दै निवेदकहरुले तत्काल सम्बन्धित निकायको ध्यानाकर्षण गराउन अनुरोध गरेका छन् ।

सूर्तीजन्य पदार्थ नियन्त्रण नियमन ऐन २०६८ ले सार्वजनिक स्थलमा धुम्रपान निषेध गर्नुका साथै शिक्षण संस्था र त्यसको १०० मिटर वरपर धुम्रपान गर्न, सूर्तिजन्य पदार्थ बेचविखन गर्न रोक लगाएको अवस्थामा त्रिविले उक्त ऐनको पालना नभएको उल्लेख गर्दै निवेदकहरुले त्रिविको केन्द्रीय कार्यालयलाई पूर्ण रुपमा धुम्रपान निषेधित क्षेत्र बनाउनुका साथै त्रिविअन्तर्गतका सबै विभाग, निकाय, परीक्षा नियन्त्रण कार्यालय, सबै जिल्लामा रहेका आङ्गिक लगायत सबै क्याम्पस र क्याम्पस चमेना गृह (क्याटिन) मा समेत पूर्णरुपमा धुम्रपान निषेध गर्ने व्यवस्था मिलाउन अनुरोध गरेका छन् ।

कानुनबमोजिम धुम्रपान निषेधित क्षेत्र लेखिएका बोर्डहरु सबैले देख्ने ठाउँमा राख्ने व्यवस्था गर्न निर्देशन दिन अनुरोध गर्दै निवेदकहरुले ऐनबमोजिम सूचना नराख्ने कार्यालयका कार्यालय प्रमुखहरुलाई कानुनबमोजिम कारबाही गर्न अनुरोध गर्दै गुनासोको सुनुवाई भएको जानकारी गुनासोकर्ताहरुलाई उपलब्ध गराइदिन समेत अनुरोध गरेका छन् ।

**हार्दिक समवेदना**



हाम्रा रोटरियन मित्र योगेन्द्र सुवेदीकी ममतामयी माता **प्रभा सुवेदी** दिवंगत हुनुभएको ४५ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक संतप्त परिवारप्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

**प्रभा सुवेदी**
जन्म : १९९४–९–२५
मृत्यु : २०७४–११–२

**सुरेन्द्र ढकाल तथा ग्रेटर नेपाल साप्ताहिक परिवार**
**समस्त रोटरी क्लव डिल्लीबजार परिवार**